# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३९ | काठमाडौं | आइतबार, १८ जेठ २०८२ | Prabhab National Daily | Sunday, Jun 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# आन्दोलन चर्काउँदै यातायात व्यवसायी, यात्रुलाई सास्ती



तस्बिर: सामाजिक सञ्जाल

■ विविशा पौडेल

- गण्डकीकादेखि फैलिएको यातायात व्यवसायीको आन्दोलन काठमाडौंसम्म
- सवारी नियमावलीले सार्वजनिक यातायात क्षेत्र नै विस्थापित हुने चिन्ता
- सातबुँदे मागसहित यातायात व्यवसायी आन्दोलनमा
- १९ जेठसम्म माग सम्बोधन नभए सवारी साधन ग्यारेजमा थन्क्याउने चेतावनी

**काठमाडौं–** सार्वजनिक यातायात क्षेत्र नै विस्थापित हुनेगरी 'राइड सेयरिङ' लाई वैधानिकता दिन गण्डकी प्रदेश सरकारले ल्याएको नियमावलीप्रति आपत्ति जनाउँदै यातायात व्यवसायीहरू चरणबद्ध आन्दोलनमा उत्रिएका छन् ।

गण्डकीका जिल्लाहरूबाट सुरु भएको आन्दोलन काठमाडौंमा पनि देखिएको छ । शनिबार उनीहरूले कालोझण्डा गाडीमा राखेर बिहान साढे ११ बजेदेखि साढे १२ बजेसम्म चक्रपथमा चक्काजाम गरे । यातायात व्यवसायीको आन्दोलनले फेरि सार्वजनिक सवारीका यात्रु प्रभावित हुने भएका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वारका अनुसार सवारी ऐन २०४९ को परिच्छेद् २ को दफा ८ को २ र दफा १२ (१) विपरीत गण्डकी सरकारले संघीय ऐनसँग बाझिने गरी नियमावली ल्यायो । अन्य प्रदेश सरकार हरूले पनि नियमावली ल्याउँदै छन् । यसरी प्रदेश सरकारले छुट्टै सवारी नियमावली ल्याउन नहुने उनको भनाइ छ ।

अध्यक्ष स्वारले निजी सवारीसाधन (रातो प्लेट) सञ्चालन गर्न ल्याएको नियमावली २०८२ दफा २ को (ज) तत्काल खारेज हुनुपर्ने माग गरे । गण्डकी सरकारले 'राइड सेयरिङ' लाई वैधानिकता दिन भन्दै यही १ जेठमा निजी सवारीसाधन (रातो प्लेट) सञ्चालन गर्नेसम्बन्धी नियमावली, २०८२ ल्याएको थियो । यही नियमावलीका प्रावधानहरूप्रति सार्वजनिक यातायात व्यवसायीहरूले विरोध गरेका छन् ।

अध्यक्ष स्वारले शनिबार पत्रकारहरूसँग भने, 'हामीले राइड सेयरिङको विरोध गरेका होइनौं । हामी प्रविधिको विरोध गर्दैनौं तर हामीविरुद्ध सरकारको गलत नियतको विरोध हो ।'

यातायात व्यवसायीहरूले सार्वजनिक यातायात क्षेत्रसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू सम्मिलित सार्वजनिक यातायात बचाउ केन्द्रीय संघर्ष समिति गठन गरेको छ । यही समितिले सातबुँदे माग अघि सारेको हो । समितिले गण्डकी प्रदेश सरकारले ल्याएको नियमावली खारेजसम्बन्धी माग पहिलो बुँदामा राखेको छ ।

२० चैत २०८० मा सर्वोच्च अदालतले जारी गरेको परमादेश कार्यान्वयनको माग पनि गरेको छ । परमादेशमा संघसंस्था दर्ता ऐनअन्तर्गत रहेका संघसंगठनहरूको नवीकरण तथा सम्पत्ति फुकुवाको विषय छ । यससँगै सवारी ऐन संशोधनअघि भएका सहमति कार्यान्वयन गर्न पनि माग गरिएको छ । यसबाहेक भारवहन क्षमताको समान नियम लागू हुनुपर्ने माग छ । मालवाहक सवारीसाधनहरूको भारवहन नियमनसम्बन्धी निर्देशिकाक, २०७४ को दफा १३ अनुसार स्वदेशी तथा विदेशी गाडीहरूमा समान नियम लागू गर्नुपर्ने भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

भिजिट भिसा प्रकरण

# गृहमन्त्रीको बचाउमा प्रधानमन्त्री ओली

म प्रतिपक्षको बोल्ने र माग राख्न पाउने अधिकारको सम्मान गर्छु तर माग राख्दा वा विरोध गर्दा आधारचाहिँ चाहिन्छ ।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

गृहमन्त्रीको राजीनामा र प्रधानमन्त्रीले संसद्मा उभिएर जवाफ नदिए हामी संसद्लाई लडाइँको मैदानमा परिणत गरिदिने छौं ।

■ **सुदन किराती**
सांसद, माओवादी केन्द्र



■ जेबी योञ्जन

**काठमाडौं–** गृहमन्त्री रमेश लेखक नेपाली युवायुवतीलाई भिजिट भिसामा पठाएर मानव तस्करी गर्ने कार्यमा संलग्न रहेको गम्भीर आरोप झेलिरहँदा प्रधानमन्त्री केपी शर्मा ओली नै उनको बचाउमा उत्रिएका छन् । उनले एक जना कर्मचारीबारे प्रश्न उठ्दैमा गृहमन्त्री लेखकको राजीनामा माग्नु अनुचित भएको बताए ।

उनका अनुसार गृहमन्त्रीको राजीनामा माग निराधार र पूरा हुन असम्भव पनि छ । विपक्षी दलहरूले विरोध गर्ने निहुँ नपाएर मात्रै राजीनामा मागेको ओलीले तर्क गरे ।

जबकि, गत वर्षको १७ असारमा कांग्रेस-एमालेबीच भएको सातबुँदे सहमतिको पहिलो बुँदामै गठबन्धन सरकार गठन गर्नुको औचित्यबारे भनिएको थियो, 'मुलुकमा सुशासन कायम गर्न ।'

तर, सुशासन कायम गर्ने गृहमन्त्री लेखक नै मानव तस्करी प्रकरणमा मुछिँदा प्रधानमन्त्री ओली अस्वाभाविक बचाउमा उत्रिएका छन् । गृहमन्त्री लेखकको राजीनामा मागिएकोबारे असन्तुष्टि जनाउँदै उनले सरकारकै राजीनामा मागे पनि अस्वाभाविक मान्न नहुने बताए ।

'म प्रतिपक्षको बोल्ने र माग राख्न पाउने अधिकारको सम्मान गर्छु तर माग राख्दा वा विरोध गर्दा आधारचाहिँ चाहिन्छ । गृह मन्त्रालयमातहत धेरै कर्मचारी छन् । एउटा कर्मचारीलाई अख्तियारले बोलायो । बयान लिएको सुनेको छैन । प्रतिपक्षलाई त यो सरकार नै मन परेको छैन, उसले माग बढाएर सरकारकै राजीनामा मागे पनि अस्वाभाविक मान्नु पर्दैन,' शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा ओलीले भने ।

ओलीले गृहमन्त्री लेखकमात्रै होइनन्, जगदुल्ला जलविद्युत् परियोजनामा ऊर्जामन्त्री दीपक खड्का मुछिँदा पनि बचाउ गरेका थिए । कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिलामन्त्री लीलावल्लभ अधिकारी मानव तस्करी प्रकरणमा आरोपी हुँदा ओली बचाउमा उत्रिएका थिए ।

ओली आफूलाई सुशासनको पक्षधर सत्ता नेतृत्वको रूपमा चिनाउँछन् ।

क्रमशः पृष्ठ २ मा

## सुस्त अनुसन्धान, हिरासतबाहिरै आरोपीहरू

गृहमन्त्री रमेश लेखकले राजीनामा नदिएपछि उनीसमेत मुछिएको भिजिट भिसा प्रकरणको अनुसन्धान सुस्त भएको छ । यस प्रकरणको अनुसन्धान अख्तियारले गरिरहेको छ । अनुसन्धानलाई प्रभावित पार्ने खेलमा गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराई देखिएका छन् । उनी यही ७ जेठमा पक्राउ परेका थिए । तर, हिरासतमा उनलाई राखिएको छैन । त्यसो हुँदा अनुसन्धानलाई प्रभावित पार्ने खेलमा उनी रहेको स्रोतले जनाएको छ । स्रोतको दाबीमा त्यही भएर अख्तियारको अनुसन्धान सुस्त भएको हो ।

भट्टराईलाई अख्तियारले पक्राउकै दिन हाजिर जमानीमा छाडेको थियो । भोलिपल्ट ८ गते र १२ गते उनी बयानका लागि अख्तियार गएका थिए । अब उनलाई आज पनि अख्तियारले बयानका लागि बोलाएको छ ।

यस्तै, यो प्रकरणमा आयोगले बिचौलियाद्वय कविता पौडेल र भरत सुवेदी तथा एक ट्राभल एजेन्सी सञ्चालक बालकृष्ण खड्कालाई पक्राउ गरेको थियो । तर, उनीहरू पनि हिरासतमा छैनन् । जबकि, प्रारम्भिक अनुसन्धानमै भिजिट भिसाको मानव तस्करीको घटना संगठित र संस्थागत देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# बोर्डले दिने सेवासुविधा लिनेको संख्या बढ्यो

- चालु आवको १० महिनामै गत आवकोभन्दा धेरैले लिए सेवा
- श्रमिकहरूले बोर्डबाट पाइने विभिन्न सेवासुविधाको विषयमा जानकारी पाउन थालेकाले सेवा लिनेको संख्या बढेको बोर्डको भनाइ
- बोर्डबाट श्रमिकका परिवारलाई औषधि उपचार खर्च, घातक रोग लागेमा उपचार खर्च उपलब्ध
- रोजगारीमा गएका श्रमिकको मृत्यु, अंगभंग भए या गम्भीर प्रकृतिको रोग लागे कामदारको छोराछोरीलाई विद्यालयस्तरमा दिइन्छ छात्रवृत्ति

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले उपलब्ध गराउँदै आएका विभिन्न सेवासुविधा लिनेको संख्या बढेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा वैदेशिक रोजगारीमा गएका श्रमिकका ३०३ परिवारले औषधि उपचार खर्च पाएका छन् । जबकि, अघिल्लो आव २०८०/८१ को १२ महिनामा यस्तो खर्च २६५ जनाले मात्र लिएका थिए ।

पछिल्लो १० महिनामा उपचार खर्चबापत एक करोड १५ लाख रूपैयाँभन्दा बढी रकम वितरण गरेको बोर्डले जानकारी दिएको छ । रोजगारीमा गएका श्रमिकको परिवारलाई घातक रोग लागेमा बोर्डले उपचार खर्च उपलब्ध गराउँदै आएको छ । यस अवधिमा सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई) गएका श्रमिकका परिवारले खर्च लिएका छन् । युएई गएकामध्ये ६० जनाको परिवारले सहयोग लिएको तथ्यांक छ । गत वैशाख महिनामामात्रै रोजगारीमा गएका श्रमिकको परिवारका ४७ जनाले यस्तो खर्च लिएका छन् । गत चैतमा भने २८ जनाले सहयोग लिएका थिए ।





रोजगारीमा गएका श्रमिकको करार अवधि बाँकी छँदै परिवारका सदस्य बिरामी परेमा बोर्डले आर्थिक सहायता दिन्छ । यसका लागि बिरामीले आर्थिक समस्या परेको निवेदन दिनुपर्छ । वि.सं. २०७३ मा 'पारिवारिक स्वास्थ्य उपचार मापदण्ड, २०७३' बनेपछि श्रमिकका परिवारले यस्तो सेवा पाउँदै आएका छन् । बोर्डले पाँचवटा घातक रोग लागेमा बढीमा ५० हजार रूपैयाँसम्मको आर्थिक सहायता उपलब्ध गराउँछ । क्यान्सर, अल्जाइमर, मुटुको शल्यक्रिया, मिर्गौला प्रत्यारोपण र पार्किन्सनजस्ता गम्भीर रोग लागेमा बिरामीले उपचार खर्च पाउँछन् । यस्तो खर्च एकपटक मात्र पाइने बोर्डले जानएको छ ।

त्यसैगरी गत १० महिनामा १७८ जनाको उद्धार तथा खोजतलास गरिएको बोर्डले जनाएको छ । विभिन्न मुलुकमा आर्थिक अभावले स्वदेश फिर्ता हुन नसकेका, कानुनी सजाय पाएका, दुर्घटना वा बिरामी परेकालगायत कारणले अलपत्र परेका श्रमिकको खोजी गरी बोर्डले उद्धार गर्दै आएको छ । गएको वैशाखमा २१ जनाको र चैतमा २६ जनाको उद्धार गरेको थियो । गत आव २०८०/८१ मा १८६ जनाको उद्धार तथा खोज गरिएको थियो ।

अघिल्लो वर्षको तुलनामा शव झिकाउने र ढुवानी गर्नेको संख्यामा पनि वृद्धि भएको छ । चालु आवको १० महिनामै बोर्डले रोजगारीका क्रममा मृत्यु भएका ७५ जनाको शव झिकाएको तथ्यांक छ । जबकि, गत आवमा ३०८ जनाको शव स्वदेश झिकाएको थियो । त्यसैगरी चालुमा ८६३ जनाको शव मृतकको घरसम्म ढुवानी गरिदिएको बोर्डले जनाएको छ । अघिल्लो आवमा ७७५ जनाको शव ढुवानी गरिदिएको थियो । चालु आवको वैशाखमा ३६ शव झिकाएको थियो भने ५८ शव ढुवानी गरिदिएको थियो ।

पछिल्लो समय वैदेशिक रोजगारीमा गएका श्रमिकको बालबालिकाले छात्रवृत्ति लिने क्रम पनि बढेको छ । अघिल्लो आवमा दुई हजार २३३ जनालाई छात्रवृत्ति दिइएको थियो । चालु आवको १० महिनामा तीन हजार २४५ जनालाई सन्तति छात्रवृति दिइएको बोर्डले जनाएको छ । रोजगारीमा गएको श्रमिकको मृत्यु, अंगभंग भए या गम्भीर प्रकृतिको रोग लागे कामदारको छोराछोरीलाई विद्यालयस्तरमा छात्रवृत्ति दिइन्छ । गत वैशाखमा ४० जना र चैतमा ४६ जनाले छात्रवृत्ति पाएका थिए ।

अघिल्लो आर्थिक वर्षमा तीन हजार ३१ जनाले टेलिमेडिसिन सेवा लिएका थिए । चालु आवको प्रत्येक महिनाका औसतमा ४०० जनाले सेवा लिइरहेका बोर्डले जनाएको छ । वैशाख महिनामा ४२९ जनाले यो सुविधाको उपभोग गरेका थिए भने चैतमा ४४५ जनाले सेवा लिएका तथ्यांक छ । श्रमिकहरूले बोर्डबाट पाइने विभिन्न सेवासुविधाको विषयमा जानकारी पाउन थालेकाले सेवा लिनेको संख्या बढेको बोर्डका अधिकारी बताउँछन् ।



## पृष्ठ १ बाट क्रमशः

### गृहमन्त्रीको...

उनी दोस्रोपटक प्रधानमन्त्री बन्दा एउटा चर्चित नारा सरकारी कार्यालयहरूमा देखिन्थ्यो- म भ्रष्टाचार गर्दिनँ, अरुलाई पनि भ्रष्टाचार गर्न दिन्नँ ।

तर, नारा र व्यवहारमा उल्टो देखिएको छ । मानव तस्करीमा संलग्न भएको जस्तो गम्भीर आरोप लाग्दा पनि गृहमन्त्री लेखकलाई राजीनामा गराउन दबाब दिएका छैनन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई गृहमन्त्री लेखकलाई फिर्ता बोलाउन भनेका छैनन्, जसले गर्दा लेखक मन्त्रीकै रूपमा बहाल छन् ।

माओवादी सांसद सुदन किरातीले भिजिट भिसाको नाममा मानव तस्करी गर्ने सरकारले विश्वसामु नेपालीको छवि धमिलो बनाएको टिप्पणी गरेका छन् । उनले गृहमन्त्री लेखकको राजीनामा जसरी पनि आउनुपर्ने मागलाई दोहोर्‍याए । 'भिजिट भिसाको नाममा मानव तस्करी गर्ने सरकारले आज विश्वसामु नेपालीको छवि धमिलो बनाएको छ,' किरातीले धनकुटाको छथर गाउँपालिका पुगेर शनिबार भने, 'गृहमन्त्रीको राजीनामा र प्रधानमन्त्रीले संसद्मा उभिएर जवाफ नदिए हामी संसद्लाई लडाइँको मैदानमा परिणत गरिदिने छौं ।'

विपक्षी दलहरू नेकपा माओवादी केन्द्र र रास्वपाले संसद् बैठक चल्न नदिने चेतावनी दिइसकेका छन् । यी दुई दलले गृहमन्त्री लेखकको राजीनामा र भिजिट भिसा प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति गठनलाई 'बटमलाइन' बनाएका छन् । लेखकको संलग्नता खुल्नेगरी विवरणहरू यसअघि नै सार्वजनिक भइसकेका छन् । उनले आफू मुछिएको प्रकरणको अनुसन्धानलाई प्रभावित पार्ने गरी अध्यागमन कार्यालयका महानिर्देशक युवराज भट्टराई मात्रै होइन, अन्य कर्मचारीको सुटुक्क सरुवा गरेका थिए ।

उनले अनुसन्धानलाई प्रभावित पार्नेगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत प्रहरी नायब महानिरीक्षक (डिआइजी) हिमालय श्रेष्ठलाई त्यहाँबाट उपत्यका प्रहरी कार्यालय, रानीपोखरी सरुवा गरेका थिए । रानीपोखरीमा कार्यरत अर्का डिआइजी ध्रुवराज राउत अनिवार्य अवकाशमा गएको कारण देखाइ श्रेष्ठको सरुवा भएको थियो । प्रहरीले सार्वजनिक गरेको सूचनाअनुसार गत मंगलबार नै गृहमन्त्रीस्तरीय निर्णयबाट डिआइजी श्रेष्ठको सरुवा भएको थियो । तर, विरोध भएपछि श्रेष्ठको सरुवा रोकिएको छ । श्रेष्ठकै नेतृत्वमा अख्तियारले अहिले भिजिट भिसा प्रकरणबारे छानबिन गरिरहेको छ । यस्तोबेला गृहमन्त्री लेखकले उनको सरुवा गरेर अनुसन्धान प्रभावित पार्न खोजेको आरोप लागेको छ ।

■■■

### सुस्त ...

सेटिङको कनेक्सन अध्यागमन विभाग र गृह मन्त्रालयसम्म देखिएको दाबी अख्तियारका अधिकारीहरूको थियो । तर, अनुसन्धान नै प्रभावित हुनेगरी गृहमन्त्री लेखकले कर्मचारी सरुवा गरे र जसकारण अनुसन्धान सुस्त भएको भन्दै आलोचना भइरहेको छ ।

■■■

### आन्दोलन...

यही प्रावधान भएको ऐनको कार्यान्वयनमा पनि सार्वजनिक यातायात व्यवसायीहरूले माग गरेका हुन् । सामाजिक सुरक्षा कोषको कार्यान्वयन अर्को माग छ । सार्वजनिक यातायात क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष अनिवार्यरूपमा लागू गर्नुपर्ने माग यातायात व्यवसायीहरूको छ । बिमा तथा दुर्घटना राहत कोष स्थापना र छिमेकी मुलुकहरूका सवारीसाधनप्रति भन्सार नीति संशोधन गर्नुपर्ने अर्को माग छ । नेपाली सवारीसाधनलाई असमान व्यवहार हुनेगरी विदेशी सवारीसाधनलाई ७२ घण्टे सुविधा दिने नीति तत्काल संशोधन गर्नुपर्नेमा उनीहरूको जोड छ ।

यसअघि यही १४ जेठमा यातायात व्यवसायीहरूले सातै प्रदेशका मुख्यमन्त्रीलाई केन्द्रीय संघर्ष समितिको तर्फबाट मागपत्र बुझाएका छन् । आज (१८ जेठ) प्रदेशहरूमा कालो झण्डा बोकेर सवारीसाधनसहितको विरोध र्‍याली निकाल्ने भएका छन् । भोलि १९ जेठमा भने मागहरू सम्बोधन नभए अनिश्चितकालीन देशव्यापी सवारीसाधन ग्यारेजमा थन्क्याउने कार्यक्रम रहेको समितिले जनाएको छ ।

तर, गण्डकी प्रदेश सरकारले भने नियमावली बनाउँदा यातायात व्यवसायीहरूकोसमेत सुझाव लिएको दाबी गरेको छ । 'राइड सेयरिङ सेवा प्रचलनमा थियो, तर कानुनमा थिएन,' गण्डकीका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव कमलकुमार अधिकारी प्रभावसँग भने, 'हामीले यसलाई प्रदेशले प्राप्त गरेको कानुनको आधारमा व्यवस्थित गराएका हौं ।'

केन्द्रीय संघर्ष समिति गठन भए पनि आन्दोलनको अगुवाइ नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, सार्वजनिक यातायात केन्द्रीय महासंघ, नेपाल ट्रक यातायात व्यवसायी महासंघ, ढुवानी व्यवसायी महासंघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल यातायात मजदुर संघ र अखिल नेपाल यातायात मजदुर संघले गरिरहेका छन् ।

यातायात व्यवसायीहरूले माग पूरा नभए सार्वजनिक यातायात क्षेत्रको १३ खर्ब लगानी जोखिममा पर्ने भन्दै चिन्ता प्रकट गरेका छन् । हाल यस क्षेत्रमा १५ लाखले प्रत्यक्ष रोजगारी पाएका छन् । ४० लाख परिवार यस क्षेत्रमा आश्रित छन् ।

# पनौतीलाई 'विश्व सम्पदा'मा सूचीकृत गराउन पहल

**काभ्रेपलाञ्चोक (प्रस)-** यहाँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक नगर पनौतीलाई विश्व सम्पदामा सूचीकृत गराउन पुनः सरोकारवालाबीच छलफल गरिएको छ । शुक्रबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजना र पनौती नगरपालिकाको सहकार्यमा आयोजित कार्यक्रममा मन्त्रालयका अधिकारी, नगरका प्रतिनिधि, सम्पदाविज्ञ, समुदायका अगुवालगायत सरोकारवाला निकायबीच थप अर्को चरणमा छलफल गरिएको हो ।

पनौतीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने प्रयास वर्षौंदेखि भइरहे पनि विभिन्न प्राविधिक त्रुटिका कारणले ती प्रयास सफल हुन नसकेको पनौती नगरप्रमुख रामशरण भण्डारीले जानकारी दिए । कार्यक्रममा सबै सरोकारवालाको समन्वय, सहयोग र प्रतिबद्धता आवश्यक भएको उनले बताए । मन्त्रालयका संस्कृति महाशाखाका सहसचिव डा. सुरेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्दै विश्व सम्पदा महासन्धी, कार्य सञ्चालन निर्देशिका, सम्भावित सम्पदाको सूचीमा नाम लेखाउने प्रक्रिया, मनोनयन तथा सूचीकरण प्रक्रिया, खतरामा परेका सम्पदाको सूची र संरक्षित स्मारक क्षेत्रका अवधारणालगायतका महत्त्वपूर्ण विषयमा जानकारी गराएका थिए ।

छलफलमा सहभागीबीच पनौतीको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्वका पक्षलाई आधार बनाएर त्यसलाई युनेस्कोको सूचीमा सूचीकृत गराउने रणनीतिबारे विस्तृत विचार विमर्शसमेत भएको छ । पनौतीको समग्र सम्पदा व्यवस्थापन, संरक्षण, अभिलेखीकरण र प्रवर्द्धनमा सरोकारवाला निकायबीच सहकार्य र दीर्घकालीन योजनाको खाँचो रहेको छलफलले निष्कर्ष निकालेको छ । विशेषगरी पनौतीको वडा नं ७ (बजार क्षेत्र)लाई विश्व सम्पदामा सूचीकृत गर्न संयुक्त राष्ट्रसंघीय अंग (युनेस्को)को मापदण्ड पूरा गर्ने कार्यमा लागिरहेको नगरले जनाएको छ ।

उक्त ऐतिहासिक क्षेत्र विश्व सम्पदामा सूचीकृत गर्न युनेस्कोद्वारा २५ वर्षअघि प्रस्ताव गरिएको क्षेत्र हो । विश्व सम्पदामा सूचीकृत हुने तयारीअन्तर्गत सूचीकृत हुनुपूर्व आवश्यक प्रक्रियासमेत भइरहेको जनाइएको छ । युनेस्कोको मापदण्डका अधिकांश पूरा भइसकेकाले आवश्यक कागजात पुरातत्त्व विभागहुँदै युनेस्कोमा पठाइने भण्डारीले बताए । 'नगरद्वारा व्यवस्थापकीय तयारी गरिरहेको छ, केही समयमा उक्त तयारी सकेपछि सूचीकृतका लागि 'फाइल' युनेस्को पठाउने छौं,' उनले भने । उनका अनुसार उक्त क्षेत्र समुदायले संरक्षण गर्न सक्ने/नसक्ने बारे स्थानीयस्तरमा छलफलको तयारीसमेत गरिएको छ ।

पनौती नगरलाई विश्व सम्पदामा सूचीकृत गर्ने कार्य वि.सं. २०७९ मा अघि बढाइएपछि युनेस्कोको नेपाल प्रमुख क्रिष्टियन मनहर्टले पनौतीका ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विकलगायत सम्पदाको अवलोकन गरेका थिए । अवलोकनका क्रममा मनहर्टले विशेष रुचिपूर्वक मठमन्दिर तथा पुराना नेपाली मौलिकता बोकेका घरलाई विश्व सम्पदामा सूचीकृत गर्न युनेस्को तयार भएको स्थानीय जनप्रतिनिधिलाई जानकारी गराएपछि नगरले लागि आवश्यक बजेट छुट्याएर प्रक्रिया अघि बढाइएको थियो ।

पनौतीलाई सरकारले प्राचीन स्मारक संरक्षण ऐन २०३१ अनुसार वि.सं. २०५८ सालमा 'स्मारक क्षेत्र' घोषणा गरिसकेको छ । नेपालस्थित मन्त्रिपरिषद्को निर्णयपछि युनेस्कोको फ्रान्सको पुरातत्त्वविज्ञ टिमले पुनः पनौतीको अनुगमन निरीक्षण गर्ने जनाइएको छ । सूचीकृतको यस प्रक्रियामा पनौतीमा ७२ वटा मौलिक नेपाली घरसमेत निर्माणको काम धमाधम भइरहेको छ । नगरद्वारा सांस्कृतिक पर्यटन विकासका लागि कलात्मक काठ बनाउने तालिम, होमस्टे (घरबास) सञ्चालन र पुरातात्त्विक सम्पदाको संरक्षण कार्यक्रम सञ्चालन गरिसकेको छ ।

पनौती विश्व सम्पदामा सूचीकृत भएपछि 'पनौती युनेस्को विश्व सम्पदा क्षेत्र' भनिने छ ।युनेस्कोले कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्त्व राख्ने (जस्तैः वन, पहाड, ताल, द्वीप, मरुभूमि, स्मारक, भवन, वा सहर)धरोहरलाई आफ्नो सूचीमा सूचीबद्ध गर्ने गर्दछ । जुन विश्व सम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ । सोही समितिले नै यस सम्पदा क्षेत्रको रेखदेख युनेस्कोको तत्वावधानमा हुने नीति छ ।


**लिखु पिके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौंलाखर्क, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र संसोधन गरिएको सूचना**

**प्रकाशित मितिः २०८२/०२/१८**

यस कार्यालय बाट मिति २०८२/०१/२४ गते सौरे दैनिक राष्ट्रय पत्रिकामा Construction of Administrative Building of Likhu Pike Rural Municipality. Contract Identification No.: NCB/WORKS/LPKRM/2081/82-05 शिर्षकको निर्माण कार्यका निम्नानुसार संसोधन गरिएकोले संम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| SN | Relevant Clause | Existing Clause | Modified Clause |
|---|---|---|---|
| 1 | Bid Submition Last Date | 2025/06/06 12:00 | 2025/06/08 12:00 |
| 2 | Annual Turnover | NRs. 5,65,00,000 | NRs. 6,85,00,000 |
| 3 | Minimum Work Experience Of Similar Size And Nature | NRs. 3,04,00,000 | NRs. 3,20,00,000 |
| 4 | Minimum Construction Experience In key Activites | | |
| | Providing, mixing with mixer machine, laying compacting with vibrator and curing plain cement concrete M25 (1:1:2) | 216 $M^3$ | 290$M^3$ |
| | providing and laying of stone masonry with cement mortar | 167 $M^3$ | 450M3 (at least 50% of which must be one side dressed stone masonary work). |
| | Providing, laying, fitting and placing of Reinforcement bar of quantity 50 MT. | 90Mt | 50MT |

**प्रमुख प्रशासकिय अधिकृत**

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/१८**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हितोमी इडुकेशनल कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आक्कोला जापानिज कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आक्कोला जापानिज कन्सल्टेन्सी** (**प्रा.लि.नं.३०१५५१**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/१८**

**देउली पब्लिक एकेडेमी**को मिति २०८२/०२/०७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जनता विद्या मन्दिर (दर्ता नं.: १३१०९९)** कायम गर्ने गरी मिति २०८२/०२/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२, अंक ३८, जेठ १७ गते २०८२ मा प्रकाशित **Chinari Overseas Pvt. Ltd.** कम्पनीको Lot No. 310263 विज्ञापनको **कम्पनीको नाम** MARAQ FOR TRADITIONAL FOOD हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Govt. License 1165/073/074 Chinari Overseas Pvt. Ltd. Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922 E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

**नाम परिवर्तन सम्बन्धी सूचना !**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/१८**

यस कम्पनीको मिति २०८२/०२/०४ को साधारणसभा/विशेष साधारण सभा/सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी **कनेक्ट लिड**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व **आर.एस.एम.अल्फा (परिवर्तिन नाम)** कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०५ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **आर.एस.एम.अल्फा** (**प्रा.लि.नं. ८५४५३**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जनकारी गराइन्छ ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


आइतबार, १८ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ जेठ, २०८२ (०१ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५२ | १३७.१२ |
| युरो | १ को | १५४.०७ | १५४.७५ |
| पाउन्ड स्टर्लिङ | १ को | १८३.८६ | १८४.६७ |
| स्विस फ्रैन्क | १ को | १६४.९६ | १६५.६८ |
| अस्ट्रेलियन डलर | १ को | ८७.८७ | ८८.२६ |
| क्यानाडियन डलर | १ को | ९८.७० | ९९.१४ |
| सिङ्गापुर डलर | १ को | १०५.८४ | १०६.३० |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.९९ | १९.०७ |
| साउदी अरब रियाल | १ को | ३६.३९ | ३६.५५ |
| कतारी रियाल | १ को | ३७.४६ | ३७.६२ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१७ | ३७.३३ |
| मलेसियन रिङ्गेट | १ को | ३२.१७ | ३२.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १४.१७ | १४.२३ |
| डेनिस क्रोनर | १ को | २०.६६ | २०.७५ |
| हङकङ डलर | १ को | १७.४१ | १७.४९ |
| कुवेती दिनार | १ को | ४४४.६० | ४४६.५६ |
| बहराइन दिनार | १ को | ३६२.१२ | ३६३.७१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# डिजेल र पेट्रोलको मूल्य बढ्यो



**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले डिजेल, मट्टितेल र पेट्रोलको मूल्य बढाएको छ। निगम सञ्चालक समितिको बैठकले शनिबार मध्यरातदेखि लागू हुनेगरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर एक र पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ बढाएको हो ।

निगमले हवाई इन्धनको मूल्य भने घटाएको छ । हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिर तीन रूपैयाँ र अन्तर्राष्ट्रियतर्फ अमेरिकी डलर २२ ले घटाइएको निगमले जनाएको छ ।

मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्रमशः प्रतिलिटर १४० रूपैयाँ ५० पैसा, १४२ रूपैयाँ र १४३ रूपैयाँ तथा पेट्रोल क्रमशः प्रतिलिटर १५६ रूपैयाँ ५० पैसा, १५८ रूपैयाँ र १५९ रूपैयाँ तोकिएको छ ।

आन्तरिकतर्फको हवाई इन्धन प्रतिलिटर ११८ रूपैयाँ कायम भएको छ । अन्तर्राष्ट्रियतर्फको हवाई इन्धन प्रतिकिलोलिटर काठमाडौंमा अमेरिकी डलर ९०१, पोखरामा ७२१ र भैरहवामा ७०६ तोकेको छ। इण्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ मूल्यसूचिअनुसार डिजेल, मट्टितेल र पेट्रोलको मूल्य बढेर तथा हवाई इन्धनको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

# धूमपान त्याग्न चाहनेका लागि 'हेल्पलाइन' सञ्चालनमा

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले धूमपान तथा सुर्तीजन्य पदार्थको लत त्याग्न चाहनेका लागि 'हेल्पलाइन' सेवा सञ्चालनमा ल्याएको छ । मन्त्रालयले शनिबारदेखि लत त्याग्न चाहनेका लागि ११३२ मा फोन गरी परामर्श लिनसक्ने व्यवस्थाको सुरुआत गरेको हो ।

विश्व सुर्तीजन्य पदार्थरहित दिवसका अवसरमा शनिबार स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले हेल्पलाइन सेवाको शुभारम्भ गरे । उनले हेल्पलाइन सेवा सञ्चालन भएसँगै सुर्तीजन्य पदार्थ सेवन गर्नेको संख्यामा कमी आउनाका साथै यसको नियन्त्रणमा सकारात्मक पहल हुने विश्वास व्यक्त गरे ।

स्वास्थ्यमन्त्री पौडेलले भने, 'हेल्पलाइनबाट पाइने परामर्श सेवाबाट सुर्तीजन्य पदार्थ नियन्त्रणमा सहयोग पुग्ने विश्वास लिएका छौं । सुर्तीजन्य पदार्थ नियन्त्रण, न्यूनीकरण तथा जनचेतना विस्तार गर्ने सम्बन्धमा केही उपलब्धि प्राप्त गरेका छौं । उत्पादन र आयात रोक्न सकिँदैन, तर उपभोक्ता कसरी घटाउन सकिन्छ भन्नेतर्फ मन्त्रालय केन्द्रित भएका योजनाबद्ध काममा जोड दिएका छौं ।' उनले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न यस्ता पदार्थमा कर बढाउने, यसको सेवनलाई निरुत्साहित गर्न सबै तहमा जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए ।

स्वास्थ्य सचिव डा. विकास देवकोटाले पछिल्लो समय युवाहरूमा सुर्तीजन्य पदार्थको बढ्दो प्रयोग चिन्ताको विषय भएको बताए । उनले भने, 'पछिल्लो समय भेपको प्रयोग बढेको देखिन्छ । युवाहरूलाई यसको लत नियन्त्रण गर्न के गर्ने भनेर मन्त्रालयले योजनाबद्ध रूपमा पहल गरिरहेको छ । प्रभावकारी नतिजाका लागि स्वास्थ्य मन्त्रालयसँगै सबै सरोकार भएकाको समन्वय र सहकार्य आवश्यक पर्दछ । जनचेतना फैलाउनाका साथै व्यक्ति, घर, विद्यालय, कार्यस्थललगायत ठाउँमा सुर्तीजन्य पदार्थको सेवन निरुसाहित गर्ने वातावरणलाई बनाउनुपर्छ ।'


**युएइमा रोजगार** कम्पनी : ROYAL EXCELLENT STEEL & CEMENT INDUSTRIES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०२/१७ | LT. No. 324941 | चलानी नं. ६०२३८७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1100 | ४०,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Support Staff | 1 | 0 | 1500 | ५५,८९३ | | | | | | | |
| 3 | Operating Machinies Assembly Worker | 2 | 0 | 1700 | ६३,३४६ | | | | | | | |
| 4 | Sales And Service | 1 | 0 | 1500 | ५५,८९३ | | | | | | | |
| 5 | Storman/Carpenter/Plumber | 2 | 0 | 1300 | ४८,४११ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २५ गते (8th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



**युएइमा रोजगार** कम्पनी : TA SETI CONSTRUCTION & ENGINEERING PROJECT LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/१७ | LT. No. 324956 | चलानी नं. ६०२३८७८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumbing Helper | 35 | 0 | 1100 | ४०,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २५ गते (8th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



**साउदीमा रोजगार** कम्पनी : STAR SHOE STORE FOR TRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324781 | चलानी नं. ६०२३८७९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 1 | 0 | 1500 | ५४,७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MASYA CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324840 | चलानी नं. ६०२३८७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४३,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**कारागार व्यवस्थापन विभाग**
**कारागार कार्यालय मलंगवा, सर्लाही**

**दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**सूचना नं.०१-८१/८२**
**दोस्रो पटक प्रकाशन मितिः २०८२/०२/१८**

यस कार्यालयअन्तर्गतको तपशीलमा उल्लेखित निर्माण कार्यका लागि दरभाउपत्र आह्वान गर्नुपर्ने भएकोले मिति २०८२/०२/२५ गते दिउँसो ११:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost with Ps & (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1. | POS/ Malangwa/ Works/SQ/ 01-2081/82 | Maintenance work of Boundary wall and Toilet block at Jail Office Malangwa, Sarlahi.. | 17,09,339.47 | 50,000.00 | 1,000.00 |

# कला पारखीलाई लोभ्याउँदै लोपोन्मुख राउटेको शिल्पकला

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नक्साल काठमाडौंमा शनिबार लोपोन्मुख समुदाय राउटेले काठको पन्यू बनाएर प्रदर्शन गरेका छन्। जारी राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागी राउटेले प्रत्यक्ष कला कार्यशाला (लाइभ आर्ट डेमोस्ट्रेसन)मा आफ्ना मौलिक कला प्रस्तुत गरेका हुन्। राउटेहरूको यो हस्त तथा शिल्पकला दैनिक जीवनमा प्रयोग हुँदै आएको छ।

ललितकला प्रदर्शनीको इतिहासमा पहिलोपटक काठमाडौं आएर प्रत्यक्ष कला सिर्जनामा सहभागी हुन एक समूह बनाई चार जना राउटे काठमाडौं आएका छन् । उक्त समूहले शुक्रबार काठको कोसी (आरी) बनाएर देखाएको थियो भने शनिबार पन्यू बनाएका प्रदर्शन गरेका राष्ट्रिय ललितकला प्रदर्शनीका संयोजक एवं प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले बताए ।

'उहाँहरूले बनाएका काठका हस्तकलामा यहाँ अवलोकनका लागि आएका कला पारखी लोभिएका छन् । कला पारखीले राउटेका कलाको तस्बिरमात्रै कैद गरेका छैनन् खरिद गरेर पनि लगेका छन्,' उनले भने। प्रतिष्ठानले यसरी लुकेर रहेका राउटेका कलालाई पहिलोपटक संघीय राजधानीमा ल्याएर प्रदर्शन गर्ने अवसर दिएको हो ।

यसबाट समुदायको मौलिक कलाको संरक्षणका साथै व्यावसायीकरणमा सहयोग पुग्ने विश्वास गरिएको प्रतिष्ठानका उपकुलपति लामाले बताए । उनले कला



बनाउन दीपक शाही, धयर शाही, बाटुली र सुरमानी शाही आएका जनाउँदै महिला राउटेले हातले चोलो बनाएर आफ्नो कला प्रस्तुत गरेका उल्लेख गरे ।

'सधैं गरिरहेको काम, काठमाडौं आएर बनायौं, हामी पैसा लिएर बेच्छौं,' दीपकले भने, 'काठमाडौंमा अली गर्मी रहेछ ।' उनले आफूहरूले डाडु, पन्यू, सन्दुक, कोसी बनाउने र बेच्ने गरेको बताउँदै काठमाडौं आएर कला बनाउन पाउँदा खुसी भएको प्रतिक्रिया दिए ।

गत फागुनमा कर्णाली प्रदेशमा भएको कला प्रदर्शनीमा राउटेका मौलिक सिर्जना र कला प्रदर्शन गरिएको थियो। सोही प्रदर्शनीबाट जोडिएका राउटेलाई पहिलोपटक काठमाडौं ल्याएर कला सिर्जनामा सहभागी गराइएको प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र काफ्ले थुम्केलीले बताए ।

काठमाडौंको प्रदर्शनीमा सूर्यनारायण शाहीले बनाएका पिर्का र ढकनसहित कोसी, लोकेन्द्र शाहीले बनाएको डाडु, बन्दावीर शाहीले बनाएको कोसी र ढकन, दीपक शाहीले बनाएको सन्दुक, खगेन्द्र शाहीले बताएको डाडु, धयर शाहीले बनाएको पन्यूँ राखिएको छ ।

यस वर्ष हस्त शिल्पकलामा उनीहरूले बनाएका कलाले प्रादेशिक पुरस्कार प्राप्त गर्न सफल भएका प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले जानकारी दिए । उनका अनुसार उक्त पुरस्कारको राशि ३० हजार रूपैयाँ रहेको छ ।

उनका अनुसार प्रदर्शनीमा राउटे, डोम समुदायसहित ६०५ कलाकारका ६५० भन्दा बढी कलाकृति समावेश छन् । मुख्यतः थारू, अवधि, मिथिला, नेवार, पर्वते, भोजपुरी, तामाङ, राउटे, डोम, राई, किरातका कला पनि समावेश छन् । कला प्रदर्शनी यही जेठ ३१ गतेसम्म जारी रहने प्रतिष्ठानले जनाएको छ ।

Sudurpashchim Provincial Government
**Ministry of Physical Infrastructure Development**
Transport Infrastructure Directorate

**Provincial and Local Road Improvement Program (PLRIP)**
## Provincial Project Management Unit (PPMU)
**Dhangadhi, Kailali**

## Re-Invitation for Electronic Bids

**Date of Publication :** 01 June, 2025 (2082/02/18)
**First Date of Publication :** 17 April 2025 (2082/01/04)

1. Provincial Project Management Unit (PPMU), Dhangadhi, Kailali re-invites electronic Bids from all eligible Nepalese Bidders for **the Procurement of 4WD Hardtop Jeep and 4WD Double Cab Pickup** with details as follows:

| S. N. | Contract Identification No | Description of Goods | Estimated Amount (NRS) [Including VAT] |
|---|---|---|---|
| 1. | PLRIP/SUPA/G/VH/ 01/2081-082 | Procurement of One Unit of 4WD Hardtop Jeep and One Unit of 4WD Double Cab Pickup | 1,19,99,000.00 |

**Project Manager**

**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**बैतडी**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/०२/१८)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/१२/२८ गते 'प्रभाव राष्ट्रिय' राष्ट्रिय दैनिक र e–bid मार्फत प्रकाशित सूचना बमोजिम तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | बोलपत्रदाता | कबोल अंक (मु.अ.कर.पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | Construction & Upgrading of Bhaisega-da-Nagarjun Sadak Da.Na.Pa, Baitadi | IDOBTD/NCB/W/R/ 081-82/74 | Nagarjun Construction ,Shaileshikhar Darchula | 97,81,954.21 |
| २. | Construction and Upgrading of Gokule Ratamata Lekam Ga Pa Kendra Jodne Sadak, Darchula | IDOBTD/NCB/W/R/ 081-82/75 | Shikhar Latinath Amar Anil Nirman Sewa, Shailyashi-khar 06 Gwani Darchula | 59,82,467.28 |
| ३. | Construction & Upgrading of Khalanga Malubela Jaejul Baaj Jusku Dallekh Sadak | IDOBTD/NCB/W/R/ 081-82/76 | JayHuskarConstruction,Ma-hakali-3 | 62,23,813.41 |
| ४. | Construction & Upgrading of Rudrashwar-Maithraj Mahadevsthan Dhaulkan-da Patharkhani -Bajhang Road Baitadi | IDOBTD/NCB/W/R/ 081-82/77 | ninhlasaini Construction Rudrashwar 08 baitadi | 80,57,506.21 |
| ५. | Construction & Upgrading of Salena-Durgasthan -Dehimandu Sadak, Baitadi. | IDOBTD/NCB/W/R/ 081-82/78 | Pramod Contruction and supplier Patan Baitadi | 58,91,065.08 |

**कार्यालय प्रमुख**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बजेट कार्यान्वयनमा परम्परागत शैलीलाई तोडौं

दुईतिहाइको सरकार । अझ संसद्को सबैभन्दा दुई ठूला दलको गठबन्धन । यति बलियो सरकारले ल्याउने बजेट मुलुकको अर्थतन्त्रलाई वर्तमान संक्रमणबाट बाहिर ल्याउन 'ब्रेकथ्रु' गर्ने खालको आउनुपर्ने थियो । तर, उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट परम्परागतभन्दा फरक आउन सकेन ।

दलीय दबाबका कार्यक्रम समेट्नै पर्ने बाध्यतामा परेर बजेटको आकार हालसम्मकै ठूलो १९ खर्ब ६४ अर्ब ११ करोड बनाएका छन् । यो कार्यान्वयन हुनसक्ने अवश्य होइन । किनभने, राजस्वको लक्ष्य महत्त्वाकांक्षी राखिएको छ । घट्दै गएको वैदेशिक अनुदानको लक्ष्य बढाइएको छ । बजेटको स्रोत ऋणमा आश्रित छ । राजस्व र वैदेशिक अनुदानबाट अपुग हुने पाँच खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ ऋणबाट जुटाउने बजेटको लक्ष्य छ । त्यसैले यो बजेट कार्यान्वयन निकै चुनौतीपूर्ण रहेको प्रस्ट हुन्छ । हालसम्मको बजेट कार्यान्वयनको प्रवृत्तिले पनि त्यही बताउँछ ।

सरकारले एक आर्थिक वर्षभित्र गर्ने खर्च र उक्त खर्चका लागि आवश्यक स्रोतको अनुमान नै बजेट हो । सामान्य भाषामा भन्दा बजेट सरकारको आय र व्ययको वार्षिक अनुमान हो । आम्दानीको तुलनामा खर्च बढी हुन्छ भने त्यो घाटा बजेट हुन्छ । अहिले सरकारले ल्याएको बजेट यस्तै घाटा बजेट हो । यद्यपि, यसअघि देखि नै घाटा बजेटले निरन्तरता पाउँदै आएको छ । अर्थमन्त्री पौडेलले यथार्थपरक बजेट ल्याइएको दाबी गरेका छन् । उनले लोकरिझ्याइँ र लोकप्रियतालाई भन्दा अर्थतन्त्रलाई चलयमान बनाउन बजेट केन्द्रित रहेको बताएका छन् । उनले भनेजस्तै बजेटमा लोकरिझ्याइँ र लोकप्रियताका कार्यक्रम त्यति धेरै भेटिँदैन । तर, मुलुकको अर्थतन्त्रलाई रुपान्तरण गने कार्यक्रम पनि देखिँदैन ।

यो बजेटले निजी क्षेत्रको मन जित्न सफल भएको छ । निजी क्षेत्रले खुलेरै स्वागत गरेका छन् । निजी क्षेत्रका अधिकांश माग अर्थमन्त्रीले सम्बोधन गरिदिएपछि खुसी भएका हुन् । बजेटमा पुँजीगत खर्चको हिस्सा बढाइएको छ, जुन राम्रो भए पनि पर्याप्त होइन । उद्यमशीलता विकास, रोजगारी सिर्जनालगायतका कार्यक्रम समेटिएका छन् । बजेटमा जे जति कार्यक्रम समेटिए ती प्रभावकारी कार्यान्वयन भए अवश्य केही परिवर्तनको अनुभूति गर्न सकिन्छ । तर, सरकारको कार्यान्वयन क्षमता कमजोर र हँदै आएको छ । पछिल्ला वर्षहरुमा सरकार नै अस्थिर बन्दा बजेट कार्यान्वयनको पक्ष निराशाजनक बन्दै आएको थियो । वर्तमान दुई दलको गठबन्धन कति लामो समयसम्म जान्छ भन्ने अनिश्चित छ । आशा गरौं यही सरकारले बजेट कार्यान्वयन गर्ने छ र कार्यान्वयनको पाटो प्रभावकारी बनाउने छ । बजेट कार्यान्वयनमा परम्परागत शैलीलाई तोड्नै पर्छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# धूमपानले बिगारेको शारीरिक र मुख स्वास्थ्य



■ डा. प्रकाश बूढाथोकी

❛ एक खिल्ली चुरोटले मानिसको आयु हरेक वर्ष एक महिना र ५० वर्षमा चार वर्ष घटाउँदछ । त्यसैमा पनि धूमपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन । वरिपरि बस्ने मानिसलाई पनि खराब असर पुऱ्याउँदछ । कुनै पनि एकल रोगभन्दा बढी मृत्यु कारक रोग निम्त्याउने पदार्थ धूमपान नै हो । यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले र विभिन्न दुईतिहाइजति क्यान्सर बनाउँछ । सुर्ती सेवनले नकारात्मक असर नपार्ने शरीरको कुनै पनि अंग, तन्तु र रोग हुँदैन ।

विश्व स्वास्थ्य संगठनले केही वर्षअघि गरेको सर्वेक्षणमा मुलुकको ७२ प्रतिशत घरमा न्यूनतम एक व्यक्ति धूमपान गर्ने गरेको पाइएको छ भने त्यसमा १२ प्रतिशत व्यक्ति १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य वस्तुको सेवन सुरु गर्ने गरेका छन् । विश्वका विभिन्न देशमध्ये नेपाल धूमपान सेवन गर्नेमा अग्रस्थानमा छ । नेपालमा ७३ प्रतिशत व्यक्तिले सुर्तीजन्य पदार्थको कुनै न कुनै रूपको सेवन गर्ने गरेको तथा कम्तीमा एकपटक अनुभव गरेका पुगनपुग ९० प्रतिशत भएको एक अर्को अध्ययनले देखाएको छ ।

अरु त अरु, २५ प्रतिशत सहरी क्षेत्रका गर्भवतीले पनि धूमपान गरेको पाइन्छ । ७७.४ प्रतिशतभन्दा बढी महिला, ८९.५ प्रतिशतभन्दा बढी पुरुषद्वारा कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवन गर्ने गरेको अनुमान छ । मेरो दुई हजार १३९ विभिन्न कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविरमा आएकाको मुख परीक्षण गर्दाको अनुभव हो यो ।

अम्मल सुर्तीजन्य पदार्थको सेवन सारा विश्वका लागि टड्कारो समस्या बनिरहेकोमा नेपाल अछुतो रहने कुरा भएन । यसैमा अझ विगत १५ वर्षमा सुर्तीजन्य पदार्थको खपत एक हजार २०० गुणाले बढ्दा उत्पन्न शारीरिक, मानसिक, पारिवारिक, आर्थिक, सामाजिक र वातावरणीय असर सम्झँदा नै कहाली लाग्ने भएको छ । यिनै समस्याहरूको समाधानमा सहयोग पुऱ्याउन सुर्ती सेवनबाट उत्पन्न जटिलताहरू, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएकोबारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पारी अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मुल गर्न विश्व स्वास्थ्य संगठनद्वारा हरेक वर्ष मे ३१ मा विशव धूमपानरहित दिवस मनाइने गरिन्छ ।

### धूमपान भन्नाले के बुझिन्छ ?

सुर्तीजन्य वनस्पति प्रमुखतर्या 'निकोटीयना रस्टीका र निकोटीयना टोवाकम'को पात सुकाएर सीधै वा विभिन्न प्रक्रियाद्वारा प्रशोधन गरी वा प्रशोधनपछि अन्य तत्वहरू मिलाएर प्याकेटमा राखी बनाइएका चुरोट, बिडी, सुर्ती, सुल्फा, जर्दा, पराग र गुट्खा इत्यादिमा हुने निकोटिन नामक रसायनिक पदार्थलाई कुनै पनि माध्यम चाहे मुख, म्युकोसा, नाक वा छालाबाट होस् शरीरले ग्रहण गर्नु वा अवशोषित गर्नुलाई धूमपानको संज्ञा दिइन्छ । यो धुवाँ सेवनमात्र नभएर सुर्ती सेवन हो र एक प्रकारले दुर्व्यसन हो ।



सुर्तीजन्य पदार्थ सेवनबाट बच्न अम्मली स्वयंकै दृढ संकल्प र उच्च मनोबल चाहिन्छ । कुलतबाट छुटकारा पाउन परिवारजनले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्दछ । आफूलाई सकेसम्म व्यस्त राख्दा यस्ता लतमा ध्यान जाँदैन । सकेसम्म एक्लै बस्नु हुँदैन, परिवार र साथीसँग बसी छलफल गर्ने गर्नुपर्दछ । साथीलाई समेत कुलतबाट छुटकारा पाउन सल्लाह दिनुपर्छ । कुलतबाट मुक्त हुन कुनै विशेष तिथिमिति जस्तैः जन्मदिन, नयाँ वर्ष वा प्रेरक व्यक्तित्वको जन्म दिन पारेर प्रतिज्ञा गर्नुपर्छ ।

### सुर्ती सेवन कुन-कुन रूपमा गरिन्छ त ?

सुर्ती धुवाँको रूपमा वा धुवाँरहितका विभिन्न रूपमा खाने गरिन्छ । नेपालमा ५५ प्रतिशत नागरिकले धुवाँको रूपमा सुर्ती सेवन गर्दछन् । आर्थिक हैसियतअनुसार सिगार, चुरोट, बिडी, चिलिम, तमाखु, ककड, पाइप त्यसैमा अझ घरानीया र बूढाबूढी छन् भने हुक्का, हुकली, चुट्टा, घुम्टीको रूपमा सुर्ती सेवन गर्दछन् । गाउँका महिलाहरू जो बच्चाका आमा हुन्छन् उनीहरूले चुरोट, बिडी उल्टोमुखी सेवन गरेको पाइन्छ ।

धुवाँरहित रूपमा- हाम्रो मुलुकका ४५ प्रतिशत नागरिकले सुर्ती धुवाँरहित रूपमा प्रयोग गर्दछन् । आजकलका युवावस्था र केटीहरूमा यस्तो रूपको धूमपान सेवन बढी नै देखिन्छ । यसमा चपाएर प्रयोग गर्ने सुर्ती- पानसँग, सुपारीसँग वा सुर्तीमात्रै (जस्तैः जर्दा, मावा) मुखमा राखी रस लिने/चुस्ने, सुर्तीजस्तै खैनी, मैनपुरी सुर्ती, नास, निस्वार, सुर्ती र चुन दाँत, गिजा वा मुखका अन्यमा भागमा लेप्ने सुर्ती- जस्तैः बजारमा दाँत सफा गर्न (मञ्जनको रूपमा) प्रयोग गरिने सुर्ती- जस्तैः गुल, गुडाखु, मिश्री, मसेरी र वास/गन्ध लिने सुर्ती- जस्तैः स्नफजस्ता थुप्रै रूप र नामले सुर्तीको सेवन गरेको पाइन्छ नेपालमा ।

### नकारात्मक असर

एक खिल्ली चुरोटले मानिसको आयु हरेक वर्ष एक महिना र ५० वर्षमा चार वर्ष घटाउँदछ । त्यसैमा पनि धूमपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन । वरिपरि बस्ने मानिसलाई पनि खराब असर पुऱ्याउँदछ । कुनै पनि एकल रोगभन्दा बढी मृत्यु कारक रोग निम्त्याउने पदार्थ धूमपान नै हो । यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले र विभिन्न दुईतिहाइजति क्यान्सर बनाउँछ । सुर्ती सेवनले नकारात्मक असर नपार्ने शरीरको कुनै पनि अंग, तन्तु र रोग हुँदैन ।

दाँत, छाला र औंलाहरू निकोटिनले पहेँला र त्यसपछि कालो बनाउँछ । रक्तनली एवं झल्झमा निकोटिन जम्दै जाँदा बोसोको मात्रा बढ्दै जान्छ । साघुरिँदै जान्छ । धूमपानले मायोकार्डियल इन्फाकेसन, हटफेल र हृदयाघात हुने सम्भावना तीन गुणा बढाउँछ भने मुटुसम्बन्धी रोगहरू पाँच गुणा बढी हुन्छ । खुट्टामा थोम्ब्रोएण्जाइटिस अवलिटेरन्स हुन्छ । छातीसम्बन्धी रोगहरू दम, खोकी बढ्ने, टिबी (क्षयरोग) निमोनिया, ब्रोङकाइटिस, जीर्ण फोक्सोगत रोगहरू र चाहिने अक्सिजन लिन नसकी स्याँ स्याँ हुन्छ । घुर्ने समस्या बढाउँछ । शरीरको प्रतिरक्षा शक्ति कमजोर हुन्छ । श्रवणशक्ति कमजोर बनाउँछ, दिमागको कोषलाई असर पारी आइक्यू लेबल पनि घटाउँछ । समयपूर्व नै छालामा चाउरी पर्ने गराउँछ । कम निद्रा लाग्ने, सुत्दा निद्रा नलाग्ने, औषधिले काम नगर्ने, औषधिविरुद्ध अवरोध सिर्जना गराउने गर्दछ ।

धूमपान नगर्नेलाई भन्दा गर्नेलाई क्यान्सर हुने अधिक सम्भावना रहन्छ । हुने गरेका क्यान्सरमा ९० प्रतिशतभन्दा बढी मुखको क्यान्सर, ८५ प्रतिशत फोक्सोको क्यान्सर, स्वरयन्त्र, अन्ननली, मुत्राशय, पित्ताशय, आमाशय, छालाको, पाठेघर, स्तनको क्यान्सर, पेटको, मृगौलाको फियोको क्यान्सरको कारक धूमपान नै पाइएको छ । जम्मा क्यान्सरमध्ये ६५ प्रतिशत धूमपानले नै गराउँछ ।. पुरुषमा नपुंशकता र महिलामा बाँझोपन, मांशपेशी कमजोर, हाड कमजोर, मोतियाबिन्दु, चपाउने सुर्ती प्रयोग गर्नेमा पेट दुख्ने, पटक-पटक थुकिरहनुपर्ने, गर्भवती महिलामा शारीरिक र मानसिकरूपमा असक्षम कमजोर, रोगी र अंगभंग बच्चा जन्मने, समयपूर्व बच्चा जन्मने, बढी गर्भपतन, जन्मेको बच्चा २८ दिनमै मर्ने, कम तौलको बच्चा, बालमृत्युदर बढी, असफल गर्भाधानको प्रबल सम्भावना रहन्छ । खेलाडीमा चाँडै थाक्ने र स्टामिना घटाउँदछ । ३० वर्षको धूमपानकर्ता र ४२ वर्षको धूमपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पूरा गर्दछन् । एक चुरोट प्रतिदिनले ४० सेकेण्ड दौडने क्षमता कम गराउँदै लगेको वैज्ञानिक पुष्टि पनि छ । अर्को, छोरा हुने सम्भावना घटाउँछ । क्रोमोजोमलाई निकोटिनले असर पारी पुरुषको प्रजनन् क्षमतामा कम, शुक्राणु नोक्सान र महिलाको पाठेघरमा नरभ्रुण बस्न नदिने अवस्था ल्याउँछ ।. कपाल र लुगा फोहोर हुने, तालु खुइलिने, कपाल झर्ने, छाला पत्रिँदै फुस्रो हुने (सोरियासिस), अनुहारको चमक हराएर चाँडै चाउरी पर्ने, ओठ सुख्खा, नीलो वा कालो भई सुन्दरता नष्ट भई कुरूप बनाउँछ ।

धूमपानले मष्तिष्कमा रक्तश्राव गराउनसक्छ र पक्षघात भई मृत्यु हुन सक्छ । खानामा रुचि कमी, पेटमा अल्सर, पेटमा गडबडले गर्दा कुपोषण हुन्छ । दम, खोकी, स्याँ-स्याँ र कमजोरीका कारण कामबाट वञ्चित भई अम्मली गरिबीको दलदलमा फस्दछन् । मासिक श्रावमा गडबडी, स्नायु नशा तथा धमनी सुन्निने, मधुमेह बनाउँछ । निकोटिनको दीर्घकालीन असर हातखुट्टामा पनि परी हातखुट्टामा बढी जाडो महसुस गरेको, औंला र जोर्नी दुखेको तथा बर्गर रोग लागेको देखिन्छ ।

### सुर्तीमा के छ र यति धेरै रोग लगाउन सक्ने ?

सुर्तीलाई परापूर्वकालमा औषधिको रूपमा, घरानियाको प्रतीकको रूपमा र धार्मिकरूपमा प्रयोग गरिएता पनि प्राचीनकालमा नै यसका बेफाइदा थाहा भइसकेको कुरा प्राचीनकालमा टर्कीमा धूमपान गर्नेलाई मृत्युदण्ड दिने चलन र रुसका राजा जारहरूद्वारा धूमपान गर्ने प्रजाहरूलाई कोर्रा लगाउने, नाक काटिदिने र साइबेरिया पठाइदिने प्रथाबाट प्रस्ट हुन्छ तर वैज्ञानिक आधार पत्ता लागेको ५० वर्षमात्र भएको छ ।

अप्रशोधित सुर्ती वा ककडमा २५ सयभन्दा बढी रसायनिक तत्व हुन्छन् भने ४३ तत्वहरू कार्सीनोजन हुन्छन् । यही सुर्तीलाई धुवाँको रूपमा सेवन गर्दा चार हजार रसायन हुन्छ । जसमा ४०० विषालु पदार्थ ९५ प्रतिशतभन्दा बढी ग्यास र ६० भन्दा बढी क्यान्सर बनाउनसक्ने तत्वहरू हुन्छन् । त्यस्तै अन्य तत्वसँग (जस्तैः चुना) मिसाउँदा प्राणघातक रोग तथा क्यान्सर लाग्ने खतरा धेरै बढाउँछ ।

उक्त कार्सीनोजन तत्वहरूमा टोबाको स्पेसिफिक नाइट्रसअमाइन, पोलिन्युक्लियर एरोमेटिक हाइड्रोकार्वन, टार, खोटो फेनोल, क्रेसोल, क्याटेकोल, न्याप्थुलअमाइन, बेञ्जोपाइरिन, हाइड्राजिन, भिनाइल क्लोराइड, निकोटिन, कार्वनमोनोअक्साइड, कार्वनडाइअक्साइड, नाइट्रोजनका अक्साइड, साइनाइड, फर्मलडिहाइड, ट्रेस धातुहरू, निकल, आर्सेनिक, पोलोनियम-२१० इत्यादि पर्दछन् । प्रमुख प्राणघातक रसायनमा निकोटिन, खोटो र कार्वनमोनोअक्साइड पर्दछन् । एसिटोन, एमोनिया, आर्सेनिक, वेञ्जीन, फर्मालीनजस्ता तत्वहरूले चुरोटको धुवाँमा रहेको विषाक्ततालाई थप ऊर्जा दिन्छन् ।

### धूमपानविरुद्धमा नेपालमा के गर्नुपर्ला त ?

धूमपानले व्यक्ति, समाज, परिवार र राष्ट्रलाई नै अधोगति गराउने हुनाले यसको विरुद्ध राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ । नेपालमा धूमपानविरुद्धको अभियानमा निजी, सरकारी, गैरसरकारी, संघसंस्था थुप्रै लागेका छन् तर तिनमा सामञ्जस्यको कमी छ भने यस अभियानको दायित्वबोध सबै संघसंस्था, सञ्चारमाध्यम र तपाईं, म, हामी सबै नागरिक समाजले नगर्दा यो प्रभावकारीरूपमा अगाडि बढ्न सक्दैन । धूमपानजस्तो समाजको साझा समस्यालाई सामूहिक पहलबाट सामाजिक बहिस्कार गर्ने, धूमपानविरुद्ध अभियानलाई निरन्तर प्रक्रियाका रूपमा वर्षको ३६५ दिन नै सक्रियरूपमा अघि बढाउनुपर्छ ।

विद्युतीय सञ्चारमाध्यममा २०५५ फागुन ७ देखि धूमपानसम्बन्धी विज्ञापनमा रोक भए पनि सबै सञ्चारका माध्यममा सुर्तीजन्य पदार्थको विज्ञापनमा प्रतिबन्ध लगाउनुपर्छ । धूमपानसम्बन्धी विज्ञापन बोर्डहरू, होर्डिङ बोर्डहरू, सम्पूर्ण छापा, भित्ते पोस्टरमा बन्देज गरिनु पर्दछ । स्कुलको पाठ्यक्रममा धूमपानबाट हुने हानिबारे पाठ्यसामग्री पढाउनुपर्छ किनभने धूमपानको लत स्कूले उमेरबाट नै सुरु हुन्छ । विद्यार्थीलाई दिइएको शिक्षाले उसको ५० वर्षको जीवन स्वस्थ र सुरक्षित रहन्छ ।

उपचारमा ठूला-ठूला अस्पताल तथा भरतपुर र भक्तपुर क्यान्सर अस्पताल प्रमुख भए पनि देशका सातवटै प्रदेशमा सहायक केन्द्र हुनुपर्ने तथा स्वास्थ्यचौकी, अस्पताल र सार्वजनिकस्थलमा सुर्ती सेवनका बेफाइदाबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनुपर्दछ । ठूला व्यक्तिहरू, आदर्श व्यक्तिहरूद्वारा सेवन नगरिदिने गर्दा पनि अम्मलीमा न्युनीकरण हुनसक्छ । बच्चाहरूले बाबुआमा, दिदी, दाइ, नायक, नायिका, खेलाडी, मोडेलबाट सिक्दछन् ।

सुर्तीजन्य पदार्थमा लाग्ने करमा वृद्धि गरेर वा स-साना प्याकेट र फुटकरमा किनमेल गर्न नपाइने बनाउँदा पनि अम्मलीको र बालबालिकाको संख्या घटाउन सकिन्छ । चुरोटको सेवनलाई घटाउन वा निरुत्साहित गरिदिने एउटा विकल्प त्यसको मूल्यलाई चर्को बनाइदिने पनि हुनसक्छ । विश्व बैंकका अनुसार चुरोटको मूल्यमा हुने १० प्रतिशत वृद्धिले मात्रै पनि उच्च आय दर भएका मुलुकहरूमा चार प्रतिशत र कम तथा मध्यम आयदर भएका मुलुकहरूमा आठ प्रतिशतले त्यसको खपतमा कमी आउने गर्छ । त्यसरी १० प्रतिशतमात्रै मूल्यवृद्धिले पनि करिब चार करोड २० लाख मानिसले धूमपानको लत छोड्ने र त्यसको परिणामस्वरूप कम्तीमा एक करोड मानिस चुरोटसम्बद्ध रोगका कारण मर्नबाट बच्ने छन् ।

बालबालिकालाई ओसारपसार, बिक्री वितरण र खरिदमा हुने संलग्नतामा निषेध गरिनु पर्दछ । अभियानकै रूपमा सडक बालबालिका र जोखिम समूहलाई लक्षित गरी कार्यक्रम चलाइनुपर्दछ । सार्वजनिकस्थलमा धूमपान बिक्री वितरण गर्नेलाई कारबाही, दण्ड र सजायको कार्यान्वयन गरी भागीदार गरिनु पर्दछ ।

निःशुल्क स्वास्थ्य शिविर, सहकारी, सरकारी र गैरसरकारी संस्थाहरूबाट बेला-बेलामा गरिने कार्यक्रम सहरी क्षेत्रमा मात्र नभई गाउँ-गाउँमा र धेरै संख्यामा गरी धूमपानलाई निरुत्साहित पार्नुपर्दछ । आवश्यक सुविधा पूर्वाधार र दरबन्दीको व्यवस्था गरी डेण्टल र मेडिकल डक्टर गाउँ-गाउँमा जाने वातावरण बनाइनुपर्दछ । जसले एकातिर धामी झाँक्री, झोले डाक्टर र नक्कली डाक्टरको विगविगी घट्ने र उनीबाट ठगिएका जनताले गुणस्तर र सर्वसुलभ उपचार पाउने छन् भने अर्कोतिर रोजगारी नपाएर डाक्टर भौतारिनु र विदेसिनुपर्ने अवस्थाको अन्त्य हुने छ ।

सुर्तीजन्य पदार्थ सेवनबाट बच्न अम्मली स्वयंकै दृढ संकल्प र उच्च मनोबल चाहिन्छ । कुलतबाट छुटकारा पाउन परिवारजनले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्दछ । आफूलाई सकेसम्म व्यस्त राख्दा यस्ता लतमा ध्यान जाँदैन । सकेसम्म एक्लै बस्नु हुँदैन, परिवार र साथीसँग बसी छलफल गर्ने गर्नुपर्दछ । साथीलाई समेत कुलतबाट छुटकारा पाउन सल्लाह दिनुपर्छ । कुलतबाट मुक्त हुन कुनै विशेष तिथिमिति जस्तैः जन्मदिन, नयाँ वर्ष वा प्रेरक व्यक्तित्वको जन्म दिन पारेर प्रतिज्ञा गर्नुपर्छ । उक्त अठोटबारे सकेसम्म धेरै साथी वा परिवारजनलाई बताएर मनोबल बढाउन सकिन्छ । सुर्ती सेवनमा निर्भर भइसकेकाहरूको उपचार 'निकोटिन रिप्लेसमेन्ट थेरापी'बाट गर्न सकिन्छ ।

अन्त्यमा, धूमपानले स्वास्थ्यमा प्रतिकूल असर पार्छ नै त्यतिमात्र नभई आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठूलो नोक्सानी पुऱ्याउँछ । सुर्ती रोपेदेखि सुर्तीजन्य पदार्थहरू उत्पादन गर्ने क्रममा कैयन कामदारहरू अम्मली बन्दछन् जसबाट अम्मली व्यक्तिको खर्च बढी परिवारका लागि आवश्यक गाँस, बास र कपासको व्यवस्थापनमा असर पार्दछ र कलह निम्त्याउँछ । फलस्वरूप सामाजिक कुसंस्कारमा फस्न सक्दछन् । सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजस्व दिन्छ तर अम्मलीलाई केवल कष्टकर प्राणघातक रोगहरू र मृत्युमात्र दिन्छ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन्)*



**यार्चागुम्बा खोज्न अस्थायी आवास** | डोल्पाको जगदुल्ला गाउँपालिका–२ कागमारा पाटनमा यार्चागुम्बा खोज्न गएका सर्वसाधारणले बस्नका लागि बनाएका त्रिपालका अस्थायी आवास । *तस्बिर: हेमन्त केसी/रासस*

# सुदूरपश्चिमको समृद्धिको ढोका खोल्दै महाकाली करिडोर

**दोधारा चाँदनी (कञ्चनपुर)–** दार्चुलाको मालिकार्जून गाउँपालिका-५ डाडाकोटका नरेश अवस्थी नेपाल, भारत र चीनसँगको त्रिदेशीय नाका तिंकरसम्म महाकाली करिडोर बन्ने भएपछि चीन र भारतसँग व्यापारको ढोका खुल्ने र रोजगारीका थुप्रै अवसर सिर्जना हुनेमा आशावादी छन् ।

हालसम्म छिमेकी मुलकसँग व्यापारिक नाका नभएका कारण पनि महाकाली करिडोर त्रिदेशीय व्यापारिक नाका बन्ने र सुदूरपश्चिम व्यापारिक हब बन्ने उनको बुझाइ छ । लामो समय शिक्षण पेसामा लागेका उनी अहिले व्यावसायिकरूपमा कृषिमा लागेका छन् । तर भारतसँगको सहज कनेक्टिभिटी नहुँदा सुदूरपश्चिमले आर्थिक लाभ लिन नसकेको उनको तर्क छ । 'महाकाली करिडोर निर्माणपछि सुदूरपश्चिममात्रै नभई मुलुककै आर्थिक विकासमा कोसेढुंगा सावित हुने अपेक्षा गरेका छौं,' उनले भने, 'सुदूरपश्चिम आर्थिक गतिविधिमा न्यून छ, हाम्रो लागि सम्भावना भनेकै महाकाली करिडोर हो यसलाई राज्यले प्राथमिकताका साथ अगाडि बढाओस् ।' दार्चुलाको तिंकरदेखि कञ्चनपुरको ब्रह्मदेवसम्म महाकाली नदीको किनारै किनार निर्माण हुने करिडोरले यहाँको सामाजिक, आर्थिक क्षेत्रमा महत्त्वपूर्ण टेवा पुग्ने उनको भनाइ छ ।



भारतका सबैभन्दा ठूला र महत्त्वपूर्ण, ठूला आर्थिक गतिविधि र जनसंख्या भएका अनि औद्योगिक करिडोर भएका सहरसँग नजिकबाट जोडिएको छ । त्यतिमात्रै होइन, उत्तरतिर चीनको सीमासम्म जान पनि सबैभन्दा राम्रो सरल पहुँच हुने छ ।

महाकाली करिडोर निर्माण भए कञ्चनपुरदेखि दार्चुलासम्म महाकाली किनारैकिनार छोटो दूरीमा यात्रा गर्न सकिने यहाँका स्थानीयको अपेक्षा छ । करिडोरले महाकाली किनारका बस्तीलाई सडक सञ्जालमा जोड्ने र लामो दूरीको यात्रा गर्नुपर्ने बाध्यता हट्ने दार्चुलाको मालिकार्जून गाउँपालिका-५ का वडाध्यक्ष मदन चन्द बताउँछन् । 'करिडोर सञ्चालनमा आइदिए त यहाँका जनतालाई धेरै फाइदा हुन्थ्यो,' चन्दले भने, 'यहाँबाट कञ्चनपुर घुमाउरो बाटो भएर आवतजावत गर्नुपर्ने बाध्यताबाट मुक्त भइन्छ ।' उनले महाकाली करिडोर सञ्चालनमा आए सुदूर पहाडका जनताको आर्थिक अवस्थासमेतमा सुधार आउने बताए । 'छोटो दूरीमा आवतजावत त हुने नै भयो तिंकरनाका सञ्चालनमा आए आर्थिक गतिविधि पनि बढ्छ,' उनले भने, 'सरकारले छिटो काम सम्पन्न गर्नेगरी बजेट विनियोजन गर्नुपर्छ ।'

ब्रह्मदेवदेखि महाकाली किनारहुँदै डडेलधुरा, बैतडी र दार्चुला जिल्लाको तिंकरनाकासम्म यातायातको सहज पहुँच विस्तार गरी सुदूरपश्चिम प्रदेश तथा मुलुकको विकासमा कोसे ढुंगा सावित हुने अपेक्षा दार्चुलाको लेकम गाउँपालिकाका स्थानीय कोमल विष्ट बताउँछन् । 'करिडोर निर्माणपछि आर्थिक हिसाबले सुदूरपश्चिमलाई फाइदा हुन्छ नै यसले धार्मिक पर्यटनको सम्भावना पनि बढाउँछ,' विष्टले भने, 'सहज अवागमन र आर्थिक गतिविधि बढाउन करिडोर प्रमुख आधार हो ।' करिडोर बनेपछि कञ्चनपुरको ब्रह्मदेव, डडेलधुरा जिल्लाको जोगबुढा, बैतडी जिल्लाको पञ्चेश्वर, चमेलिया, दार्चुला जिल्लाको लाली, उकू, खलंगा, धारी, हिकिला, हुती, धौलाकोट र सुन्सेराहुँदै तिंकर नाकासम्म सडक निर्माण गरी उक्त क्षेत्रको आर्थिक सामाजिक सांस्कृतिक पर्यटकीय साथै शैक्षिक विकासमा योगदान पुऱ्याउने छ ।

महाकाली करिडोरअन्तर्गत महेन्द्रनगरमा सिद्धवैजनाथ, डडेलधुरामा परशुरामधाम, बैतडीमा त्रिपुरा सुन्दरी, मेलौली भगवती र निङ्लाशैनीजस्ता प्रसिद्ध धार्मिकस्थल छन् । त्यसैगरी दार्चुलामा राष्ट्रकै चौथो धामका रूपमा परिचित मालिकार्जुन धामजस्ता प्रसिद्ध धार्मिकस्थल रहेकाले करिडोरले धार्मिक पर्यटनसमेतमा टेवा पुग्ने पर्यटन व्यवसायी बताउँछन् । 'महाकाली करिडोर बनेमात्रै सुदूरको विकासको ढोका खुल्छ,' यहाँका पर्यटन व्यवसायी जगदीशचन्द्र भट्टले भने, 'यसले धार्मिक पर्यटनसमेतलाई फाइदा पुग्छ अर्कोतर्फ उत्तरतर्फ चीनसँग पनि व्यापारको ढोका खुल्छ ।' उनले अझै पनि भारतबाट यहाँका प्रसिद्ध धाममा भारतीय धार्मिक पर्यटन आउने गरेको बताउँदै करिडोरले आवागमनमा सहज भएपछि यहाँ धार्मिक पर्यटनको फस्टाउने बताए ।

कञ्चनपुरको ब्रह्मदेवबाट डडेलधुरा, बैतडी र दार्चुलाको तिंकरसम्म सडक ३३४ किलोमिटर सडक महाकाली लोकमार्ग आयोजना कार्यालय र ७९ किलोमिटर सडक नेपाली सेनाले निर्माण गरिरहेको महाकाली करिडोर सडक (ब्रह्मदेव-झुलाघाट-दाचुला-तिंकर सडक) योजना कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी रामचन्द्र जैशीले हालसम्म करिडोरको २३० किलोमिटर ट्र्याक खुलेको जानकारी दिए । उनका अनुसार अझै ५५ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेलधुरामा ५८ किलोमिटर, बैतडीमा १४४ किलोमिटर र दार्चुलामा १२१ किलोमिटर सडक निर्माण हुने छ । जसमध्ये कञ्चनपुरमा ११ किलोमिटर ट्र्याक खुलिसकेको छ भने डडेलधुरामा २८ किलोमिटर ट्र्याक खुलेको छ । त्यसैगरी बैतडीमा ११४ किलोमिटर र दार्चुलामा ७७ किलोमिटर ट्र्याक खुलेको छ ।

योजनाका लागि चालु आर्थिक वर्षमा ४१ करोड ५० लाख रूपैयाँ बजेट विनियोजन भएको सूचना अधिकारी जोशीले बताए । 'बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिनसमेत समस्या भएको छ, चालु आर्थिक वर्षमा आएको बजेटमध्ये १७ करोड गत आवको भुक्तानी दायित्व थियो,' उनले भने, 'न्यून बजेट र रुख कटानलगायत प्रक्रियागत अल्झनका कारण निर्माणमा ढिलाइ भइरहेको छ ।' महाकाली करिडोरसँगै कञ्चनपुरको महाकाली नदीमा बनेको चार लेनको पक्की पुल र दोधारा चाँदनी सुख्खा बन्दरगाह निर्माणपछि मुलुककै समृद्धि हुने अपेक्षा व्यवसायीहरूको छ ।

सुदूरपश्चिम प्रदेशका चार जिल्ला कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला जिल्ला जोड्दै नेपाल र चीनको ताक्लाकोटको सीमामा रहेको पिल्लर नं १ सम्म निर्माण हुने यस सडक योजनाबाट उक्त क्षेत्रमा बसोबास गर्ने करिब एक करोड जनता प्रत्यक्ष लाभान्वित हुने सरकारको अपेक्षा छ । त्रिदेशीय नाका भएका कारण व्यापारिक महत्त्व धेरै नै रहेको र धार्मिक हिसाबले कैलाश मानसरोवर भ्रमणका लागि छोटो बाटोको रूपमा प्रयोग हुने छ । *रासस*

# आधारभूत कक्षामा विद्यार्थी संख्या शून्य

**म्याग्दी–** म्याग्दीको बेनी नगरपालिका-१ लामगरामा रहेको युवा वर्ष आधारभूत विद्यालयको तीनवटा कक्षामा विद्यार्थी संख्या शून्य भएको छ ।



कक्षा चारसम्मको पठनपाठनको अनुमति पाएको विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिकसत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको संख्या शून्य भएको हो । प्रधानाध्यापक खिमबहादुर चर्माकारले बालकक्षामा चार र कक्षा १ मा तीनजना विद्यार्थी रहेका बताए ।

'गत वर्ष कक्षा ४ मा तीन, कक्षा ३ र २ मा एक-एक, र कक्षा १ मा तीनजना विद्यार्थी थिए,' उनले भने, 'चार कक्षा उत्तीर्ण भएका माथिल्लो तह अध्ययन गर्न, सारेमारे टोलबाट आउने कक्षा २ र ३ का विद्यार्थी टाढा भएपछि अर्को विद्यालयमा भर्ना भए ।'

कक्षा १ का विद्यार्थीको उमेर कम भएको र सिकाइ वृद्धिका लागि कक्षा दोहोऱ्याइएको र बालकक्षामा नयाँ विद्यार्थी भर्ना गरिएको प्रअ चर्माकारले बताए । युवा वर्षको सेवा क्षेत्रमा पर्ने आनन्दबगर, लामगरा, सिम र सारेमारे टोलमा भर्नाका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकले घरदैलो गरेका थिए ।

आनन्दबगर र सारेमारे टोल टाढा भए पनि नजिकैको लामगरा र सिमका अभिभावकले पनि बेनीका सामुदायिक र निजी विद्यालयमा पठाउन थालेपछि पछिल्लो पाँच वर्षयता विद्यार्थी संख्या घट्दै गएको व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाले बताए । लामगरा र सिममा करिब ५० घरपरिवारको बसोबास छ । अंग्रेजी माध्यमबाट पठनपाठन, पुस्तकालय, बालमैत्री शिक्षण विधि, विपन्न विद्यार्थीको लागि पोसाक र शैक्षिक सामग्रीको व्यवस्था मिलाए पनि अभिभावकले वास्ता नगर्दा निराश भएको व्यवस्थापन समितिका अध्यक्ष थापाले बताए ।

वि.सं. २०४१ मा स्थापना भएको विद्यालयमा १०० जनासम्म विद्यार्थी हुन्थे । सिकाइ उपलब्धि ९५ प्रतिशत छ । विद्यार्थी संख्या कम भएपछि गत वर्ष बेनी नगरपालिकाले एउटा कक्षा घटुवा गरेर चार कक्षासम्म कायम गरेको थियो । उक्त विद्यालयमा हाल दुई जना स्थायी दरबन्दी, एक जना निजी स्रोतका शिक्षक र एक जना सहयोगी कर्मचारी छन् । बेनी नगरपालिकाले विद्यार्थी नभएका कक्षा घटुवा गर्ने र शिक्षकलाई नजिकको धेरै विद्यार्थी भएको विद्यालयमा व्यवस्थापन गर्ने नीति लिएको छ ।

युवा वर्षलगायत विद्यार्थी कम भएका विद्यालयको सघन अनुगमन गरेर आवश्यक निर्णय लिइने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताए । *रासस*

# काभ्रेका ६०० शिक्षकलाई 'प्रशिक्षक–शिक्षक' बनाउँदै ट्राफिक प्रहरी

**काभ्रेपलाञ्चोक (प्रस)–** ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले ट्राफिक नियम सचेतनाका लागि विद्यालयका ६०६ शिक्षकलाई 'प्रशिक्षक-शिक्षक' तयार गर्ने भएको छ । यसका लागि कार्यालयले सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयका शिक्षकलाई दुर्घटना न्यूनीकरण र ट्राफिक सचेतनाका कक्षा सञ्चालन गर्ने योजना बनाएको हो ।

कार्यालयले स्थानीय तहका शिक्षा शाखा प्रमुख तथा स्थानीय तहका जनप्रतिनिधिको समन्वयमा सम्पूर्ण विद्यालयका बालबालिकालाई ट्राफिक सचेतनासहितका कक्षा सञ्चालन गर्नेगरी विद्यालयमा प्रशिक्षक-शिक्षक तयार गर्न लागिएको जनाएको छ ।

कार्यालय प्रमुख प्रहरी निरीक्षक सुनिल धाँजुले जिल्लाका ५०८ सामुदायिक, ९६ संस्थागत र दुई धार्मिक विद्यालयका ६०६ जना शिक्षकहरूलाई ट्राफिक नियमसम्बन्धी प्रशिक्षक-शिक्षक तयार गरिने योजना बनाइएको बताए । उनका अनुसार विद्यालयमा तयार गरिने शिक्षकले सोही विद्यालयमा कार्यरत अन्य शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीका लागि ट्राफिक नियम तथा सचेतनाका बारेमा तालिका बनाई कक्षा सञ्चालन गर्ने छन् ।

यस्तै, कार्यालयले विद्यालयका बसमा 'स्कुल बस निर्देशिका-२०७४' अनुसार सञ्चालन गरे/नगरेको अनुगमन गर्ने, निर्देशिकाअनुसार सञ्चालन नभएको पाइए चालकलाई कारबाही गर्ने, सार्वजनिक यातायातमा तोकिएका वर्गलाई छुट र आरक्षण शुल्क कार्यान्वयनबारे अनुगमन गर्ने, प्रेसर हर्न न्यूनीकरण तथा चालक र सहचालकलाई अनुशिक्षण, यान्त्रिक साधनको परीक्षण गरी प्रदूषण नियन्त्रणका लागि सक्रियता बढाउने जनाएको छ ।

## मिल सञ्चालनपछि स्थानीयलाई राहत

**जुम्ला (प्रस)–** जुम्लाको तिला गाउँपालिका-६ मा रहेको घोडे गाउँमा कुटानी-पिसानी मिल सञ्चालनमा आएपछि स्थानीयलाई सहज भएको छ । कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षको १५ लाख रूपैयाँबाट सौर्य ऊर्जाबाट सञ्चालन हुनेगरी गाउँमा पहिलोपटक मिल सञ्चालन भएको वडाध्यक्ष जंग रोकायाले जानकारी दिए ।

विगतमा मिल नहुँदा यहाँका स्थानीयले कुटानी-पिसानीका लागि दुःख पाउने गरेका थिए । वडाध्यक्ष रोकायाले भने, 'पीठोलगायत अन्य कुटानी-पिसानीका लागि दुई घण्टा हिँडेर जानुपर्ने बाध्यता थियो । हिउँदेयाममा चैत, वैशाख, जेठमा सुक्खा खडेरीका कारण खोला सुकेपछि घट्ट चल्न बन्द हुने गरेकाले छिमेकी गाउँ सुडी, रिपी र कालीकोट जिल्लाको रताड जानुपर्ने बाध्यता थियो । अब सो समस्या हटेको छ, गाउँमै कुटानी-पिसानी हुन थालेको छ ।'

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकासित मितिः २०८२/०२/१८)**

प्रस्तुत विषय सम्वन्धमा यस कार्यालयको २०८२/०१/३) गते प्रकासित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र न्यूनतम मूल्यांकित तथा सारभूत रूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्यांकन समितिको वैठकको निर्णयबाट स्वीकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकासित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरु लाइ समेत यसै सूचना बाट जानकारी गराइन्छ ।

**तपसिलः**

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS items बाहेक) |
| --- | --- | --- | --- |
| 80/ABBCW/NCB/2081/082 | Academic Building Block Construction Works, Ward no.04 | श्री चौधरी बिल्डर्स, भी.न.पा.-१, कञ्चनपुर | रू. २८,२४,३३२।३० |

**प्रमुख प्रशासकिय अधिकृत**

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय गट्ठाघरको तपसिलमा उल्लेखित ऋणी एवं जमानतकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारे ९० दिने सुचना**

(प्रकाशित मिति २०८२/०२/१८ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय गट्ठाघरको तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणीले ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ९० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९० (**नब्बे**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ताभुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराईन्छ । कथंकदाचित तोकिएको समयावधिभित्र ऋणीले बैंकमा सम्पर्क गरी कर्जा चुक्ताभुक्तान नगरेमा वा धितोमा रहेको सुरक्षणबाट कर्जा असुलउपर हुन नसकेमा वा सुरक्षणबाट असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा जमानतकर्ताहरुलाई समेत यसै सुचना अवगत गरी तोकिएको समयभित्र कर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन तथा उल्लेखित ऋणीले उपभोग गरिरहनुभएको कर्जाको असुलीका सम्बन्धमा बैंकको शाखा कार्यालयमा सम्पर्क गरी थप जानकारी लिनुहुन अनुरोध गरिन्छ, अन्यथा प्रचलित कानूनी व्यवस्थाको अधिनमा रहि ऋणी तथा सम्बन्धित पक्ष र जमानतकर्ताहरुलाई समेत **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनामार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचनामार्फत जानकारी समेत गराउँदछौं ।

**तपसिल**

**१. ऋणीहरूको विवरण**

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०७/२१ मा दर्ता नं. १७७७१९/०७४/०७५ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **माया इन्टरनेशनल रिसोर्ट प्रा.लि. ।**
**सञ्चालक राजेन्द्र कुमार श्रेष्ठ**

ख. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०४/२५ मा दर्ता नं. १३८२६१/०७२/०७३ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ स्थित रजिष्टर्ड कार्यालय रहेको **द लफ्ट लाउन्ज एण्ड बार प्रा.लि. ।**
**सञ्चालक राजेन्द्र कुमार श्रेष्ठ**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **राजेन्द्र कुमार श्रेष्ठ**
ना.प्र.नं. २०३६/६१५३,
जारी मिति २०५२/०८/१७, जि.प्र.का. काठमाण्डौ
बाबु - हरि बहादुर श्रेष्ठ
बाजे - वृष श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १०

२. **चन्दा श्रेष्ठ**
ना.प्र.नं. २७१०६०/२५००६,
जारी मिति २०६५/०५/११, जि.प्र.का. काठमाण्डौ
बाबु - पन्ना लाल श्रेष्ठ
बाजे - नुक्षे लाल श्रेष्ठ
पति - राजेन्द्र कुमार श्रेष्ठ
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १०

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय गट्ठाघर फोन नं. ०१-५९०३९४१**

### तेस्रो सातामा 'के घर के डेरा : घर नं २'

चलचित्र 'के घर के डेरा : घर नं २' तेस्रो सातामा प्रदर्शन भइरहेको छ । शुक्रबारबाट यो सिनेमा प्रदर्शनको तेस्रो हप्तामा प्रवेश गरेको हो । आम नेपालीले भोगिरहेको विषयलाई यो चलचित्रले उठान गरेको भन्दै दर्शकले तारिफ गरिरहेको निर्देशक दीपेन्द्र के खनालले भने । साहित्यकार बुद्धि सागरको कथा रहेको चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, आर्यन सिग्देल, केकी अधिकारी, उपासना सिंह ठकुरीलगायतले अभिनय गरेका छन् ।





# समालोचक बानियाँलाई आभास साहित्य सम्मान

## 'अर्हत्'ले पायो उत्कृष्ट साहित्य पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** आभास साहित्य कोषले २०८१ सालको आभास साहित्य सम्मान वरिष्ठ साहित्यकार तथा समालोचक राजकुमार बानियाँलाई प्रदान गरेको छ ।

कोषले 'अर्हत्' उपन्यासका लागि आख्यानकार शैलेन्द्र अधिकारीलाई आभास उत्कृष्ट साहित्य पुरस्कार, २०८१ प्रदान गरेको छ । राजधानीमा शनिबार आयोजित एक कार्यक्रममा नेपाली लेखक संघका अध्यक्ष वियोगी बुढाथोकीले बानियाँ र अधिकारीलाई सम्मान तथा पुरस्कार हस्तान्तरण गरेका हुन् ।

उक्त अवसरमा बुढाथोकीले साहित्यको क्षेत्रमा वर्षौंदेखि काम गरेका व्यक्ति र कृतिको सम्मान गरेर कोषले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए । कार्यक्रममा सम्मानित र पुरस्कृत व्यक्तित्वबारे कवि तथा समीक्षक शकुन्तला जोशी र हेमप्रभासले चर्चा गरेका थिए ।

जोशीले समीक्षा र समालोचना गर्दा बानियाँको निष्ठापूर्वक कलम चलाउने र कृतिमाथि न्याय दिने आमविश्वास रहेको टिप्पणी गरिन् । अर्का समीक्षक प्रभासले अर्हत् आद्योपान्त पठनीय र उत्प्रेरक कृति रहेको बताए ।

सम्मानित साहित्यकार बानियाँले सम्मान र पुरस्कारले साहित्य साधकहरूलाई अगाडि बढ्न ऊर्जा दिने अनुभव सुनाए । कोषका अध्यक्ष बालकृष्ण श्रेष्ठले कोषले सामाजिक उत्तरदायित्वअन्तर्गत यस प्रकारका पुरस्कार र सम्मानलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा कोषका संरक्षक श्यामकुमार श्रेष्ठ, सञ्चारकर्मी प्रकाश थापा, दीपक सापकोटालगायतले आ-आफ्नो धारणा राखेका थिए । यसअघि उक्त पुरस्कार 'दुङाल' उपन्यासका लागि आख्यानकार मालिका केशरी (प्रकाशकुमार श्रेष्ठ) लाई प्रदान गरिएको थियो ।

सम्मान तथा पुरस्कारको राशि डेढ लाख र एक लाख रूपैयाँ रहेको छ । सम्मानित बानियाँ तीन दशकदेखि साहित्य लेखन, समालोचना र सम्पादन क्षेत्रमा सक्रिय छन् । पुरस्कृत अधिकारीका 'अर्हत्' सहित 'निर्वेद' र 'ब्रह्मास्त्र' आख्यान कृति प्रकाशित छन् ।

# 'प्रेमध्वज प्रधान स्मृति' सम्मान तथा पुरस्कार घोषणा




**काठमाडौं (प्रस)–** गायक प्रेमध्वज प्रधानको जन्मजयन्तीको अवसर पारेर 'गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठान'ले नेपाली गीतसंगीत क्षेत्रका चार विशिष्ट व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ ।

प्रत्येक दुई वर्षमा प्रदान गरिने उक्त सम्मान तथा पुरस्कार यही जेठ २७ गते स्वर्गीय प्रधानकै जन्मथलो सिन्धुपाल्चोकको चौतारामा आयोजना गरिने प्रतिष्ठानकी कोषाध्यक्ष भुवन मास्केले जानकारी दिइन् । उनका अनुसार प्रतिष्ठानका संस्थापक अध्यक्ष तथा गायक प्रधानकी धर्मपत्नी किरण प्रधानको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो ।

'यस वर्षको सम्मान तथा पुरस्कार गायक प्रधानकै जिल्लामा दिने तयारी छ । उनको सम्झनामा गीतसंगीतमा आफ्नो जीवन समर्पित गर्नुभएकालाई थोरै भए पनि प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले यो कार्यक्रमलाई अगाडि बढाइरहेका छौं,' कोषाध्यक्ष मास्केले भनिन् ।

यस वर्षको 'प्रेमध्वज प्रधान राष्ट्रिय संगीत सम्मान-२०८२' वरिष्ठ गायिका मीरा राणालाई प्रदान गरिने भएको छ । उनलाई सम्मानसँगै एक लाख एक हजार रूपैयाँ नगद राशि प्रदान गरिने छ । त्यसैगरी, 'प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यसंगीत सम्मान-२०८२' बाट वरिष्ठ वाद्य संगीत निर्देशक मोहनकृष्ण कार्की ढली र गायक सुरजकुमार थापालाई 'प्रेमध्वज प्रधान राष्ट्रिय युवा संगीत पुरस्कार-२०८२' प्रदान गरिने भएको छ । दुवै पुरस्कारको राशि ५० हजार एक रूपैयाँ रहेको छ ।

यसैगरी, सिन्धुपाल्चोक निवासी प्रतिभावान गायक चन्द्रसिं घलेलाई 'प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा संगीत पुरस्कार-२०८२' प्रदान गरिने छ । यस पुरस्कारको राशि २५ हजार एक रूपैयाँ रहेको प्रतिष्ठानकी कोषाध्यक्ष मास्केले जानकारी दिइन् । नेपाली संगीत क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टालाई सम्मानित गर्दै आएको प्रतिष्ठानले यस वर्ष पनि विभिन्न विधामा योगदान दिने कलाकारलाई छनोट गरी सम्मान गर्न लागेको हो ।

# दाहालको 'दीपमालिका' सार्वजनिक

**काठमाडौं (प्रस)–** साहित्यकार मुकुन्दराज दाहालद्वारा लिखित 'दीपमालिका' नामक कविता संग्रहको लोकार्पण गरिएको छ । शिष्टाचार अभियान नेपालले शनिबार यहाँ आजोजना गरेको कार्यक्रममा साहित्यकार तथा पत्रकार प्रा. पुरुषोत्तम दाहाल, साहित्यकार प्रा. माधव भट्टराई र डा. शैलेन्दुप्रकाश नेपाललगायत साहित्यकारले संयुक्तरूपमा उक्त पुस्तकको लोकार्पण गरे ।

संग्रहमा गद्यात्मक खण्डमा लेखिएका ४६ र पद्यात्मक खण्डमा लेखिएका ६० कविता समावेश छन् । संग्रहमा समावेश आधिकांश कविता राष्ट्रवादी भएको साहित्यकार तथा पत्रकार दाहालले बताए । त्यसैगरी देश र देशवासीप्रतिको सद्भाव मुछिएका कविताले आफ्नो जन्मभूमि, जिल्ला र गाउँप्रतिको प्रेम दर्शाएको उनको भनाइ छ । कवितामा पाखापखेरा, गाउँबेंसीप्रतिको मोह, जनमानसप्रतिको बेथिति, नेताप्रतिको वितृष्णा, चाडपर्व, रीतिरिवाज, नेपाली जनमानसको आफ्नो संस्कार, जतातत‍ै बढ्दै गएको अराजकतातिरको आक्रोश पनि समावेश गरिएको छ ।



लेखक दाहालले कवि/साहित्यकारप्रतिको सद्भाव, गरिबप्रति सहानुभूति, राष्ट्र/राष्ट्रियताप्रतिको झुकाव, देशप्रेमप्रतिको चिन्तन, जन्मभूमि आसपासका भिरपाखाको वर्णन कवितामा गरिएको जानकारी दिए ।

संग्रहमाथि टिप्पणी गर्दै डा. अम्बिका अर्यालले मानवअधिकारको खोजी, बुद्धत्व हराउँदै गएकामा चिन्ता, गणतन्त्र आए पनि सर्वसाधारणका छोराछोरीको अपहरण, वीभत्स हत्या रोकिएका छैनन् भन्ने कुरालाई कविताले जोड दिएको उल्लेख गरिन् ।

लेखक दाहालले 'देशमा समानता छैन, बूढापाका आफ्ना सन्तानका पीरले तड्पिरहेका छन्, पुराना सभ्यता र संस्कृति थला परेका छन्' लगायत विषयलाई कवितामार्फत उजागर गरिएको बताए ।



# 'आगामी वर्षको बजेट खेलकुद क्षेत्रका लागि उत्साहजनक'

■ प्रभाव संवाददाता




**कास्की–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले इतिहासमा पहिलोपटक नेपाली खेलकुदको बजेटको अंकमा निकै ठूलो बढोत्तरी भएको बताएका छन् ।

सरकारले आगामी वर्ष २०८२/८३ का लागि बिहीबार सदनमा प्रस्तुत गरेको बजेट नेपाली खेलकुद क्षेत्रका लागि उत्साहजनक रहेको उनले उल्लेख गरे । पोखरामा शुक्रबार खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको पत्रकार भेटघाटमा सदस्यसचिव घिसिङले खेलकुद क्षेत्रलाई सरकारले प्राथमिकता दिनुलाई सबैले सकारात्मक रूपमा लिनुपर्ने बताए ।

'इतिहासमै पहिलोपटक खेलकुद क्षेत्रमा बजेट वृद्धि भएको छ । यसलाई हामी सबैले उत्साहजनकरूपमा लिनुपर्ने हुन्छ,' उनले भने । सदस्यसचिव घिसिङले पोखरा रंगशालाभित्रको क्रिकेट मैदान निर्माण तथा स्तरोन्नतिका लागि प्राथमिकता राखेर बजेट विनियोजन गरिएको जानकारी दिए ।

परिषद्को बजेट प्रस्ताव गर्दा क्रिकेटको उमेर समूहको वर्ल्डकपका लागिसमेत मध्यनजर गरी प्रस्ताव गरिएको उनले जानकारी दिए । 'पोखरा रंगशालाभित्रको क्रिकेट मैदान निर्माणाधीन रहेको छ । यस रंगशालाका लागि तेब्बर बढाएर प्रस्ताव गरिएको छ । विस्तृत बजेटको खाका आउँदा तपाईंहरूले थाहा पाउनुहुने छ,' सदस्यसचिव घिसिङले भने ।

उनले उच्च पर्वतीय खेलमैदानका लागि पनि बजेट विनियोजन भएको जानकारी दिए । 'प्रदेश र संघको साझेदारी प्रकृतिका कार्यक्रमसमेत राखेका छौं । स्थानीय तहमार्फत कार्यान्वयन गर्नेगरी प्रस्ताव बजेटमा गरिएको छ,' उनले भने ।

सदस्यसचिव घिसिङले पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदको समापन समारोहमा कर्णालीमा गर्नेगरी १०औं झण्डा हस्तान्तरण गरिएको भए पनि विविध कारणले तोकिएको मितिमा राष्ट्रिय खेलकुद हुन नसकेको बताए । १०औं राष्ट्रिय खेलकुदका लागि पनि बजेट विनियोजन गरिएकाले आगामी वर्षमा प्रतियोगिता हुने उनले बताए ।

नेपाल सरकार, प्रदेश सरकार र अन्य सबै सरोकारवालाको समान बुझाइ राष्ट्रिय खेलकुदका सम्बन्धमा हुनुपर्ने र नेपाली खेलकुद प्रतियोगिता समयमै कसरी गर्न सकिन्छ भन्नेबारेमा छलफल हुनुपर्ने उनले बताए ।

# नेपाल एमेच्योर गल्फ मंगलबारदेखि

**काठमाडौं (प्रस)–** नेपाल गल्फ संघको आयोजनामा ११औं संस्करणको नेपाल एमेच्योर खुला गल्फ प्रतियोगिता यही जेठ २० गतेदेखि हुने भएको छ ।

यही जेठ २२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिता ५४ होलको हुने शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष टासी घलेले जानकारी दिए । प्रतियोगिताअन्तर्गत पुरुषतर्फ दक्षिण एसियाका बंगलादेश, श्रीलंका, भूटान र भारतका खेलाडी सहभागी हुने छन् । पुरुषतर्फ व्यक्तिगत र टिम प्रतिस्पर्धा हुने छ ।

त्यसैगरी, सोही प्रतियोगिताको महिलातर्फको स्पर्धामा भने आयोजक नेपाल र भारतका खेलाडीको मात्र सहभागिता रहने छ । प्रतियोगितामा ४५ पुरुष र १० महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । वर्ल्ड एमेच्योर गल्फ र्‍याङ्किङद्वारा मान्यता प्राप्त उक्त प्रतियोगिताले नेपालका साथै दक्षिण एसियामा युवा विकास र एमेच्योर गल्फको विकासका लागि प्रतियोगिता महत्त्वपूर्ण हुने अध्यक्ष घलेले बताए ।

# क्रिकेट रंगशालाको काम दुई 'सिफ्ट' मा

**चितवन–** भरतपुर महानगरपालिकाले निर्माण गरिरहेको गौतमबुद्ध अन्तर र्‍ाष्ट्रिय क्रिकेट रंगशालामा रातिको समयमासमेत काम गर्न थालिएको छ । लक्ष्यअनुसार प्रगति हुन नसकेपछि यहाँ दुई 'सिफ्ट'मा काम गर्न थालिएको हो ।

करिब दुई महिनायता काम सुस्त भएपछि गत शुक्रबार भरतपुर महानगरपालिकी प्रमुख रेनु दाहालसहित महानगरका जनप्रतिनिधि एवं कर्मचारी र निर्माण कम्पनीबीच कामलाई तीव्रता दिने सहमति भएको थियो । यससँगै मजदुर थप गरेर रातिको समयमा काम थालिएको हिमालयन कालिञ्चोक बिबिआर जेभीका सञ्चालक विकास गौतमले जानकारी दिए । हाल बिहान ७ देखि राति १० बजेसम्म १४० भन्दा बढी मजदुरले काम गरिरहेका र यो संख्या २०० भन्दा बढी पुग्ने उनले बताए ।

'असारसम्म ४० प्रतिशत काम गर्नेगरी जनशक्ति परिचालन गर्न थालिएको छ । हाल भौतिक प्रगति २० प्रतिशत हाराहारी रहेको छ । प्यारापिटहरूमा सेन्टिङका काम भइरहेकाले छिट्टै प्रगति देखिने छ । यसअघि आवश्यक रड र सिमेन्ट समयमा पाउन नसक्दा समस्या भएको थियो,' सञ्चालक गौतमले भने ।

महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीसहित निर्माण हेर्न कर्मचारी लिएर रंगशाला पुगेकी महानगर प्रमुख दाहालले निर्माण कम्पनीलाई कुनै समस्या भए सहजीकरण गर्न महानगर तयार रहेको भन्दै ढिलासुस्ती नगर्न आग्रह गरेकी थिइन् । उनले चालु आर्थिक वर्षका लागि प्राप्त बजेट नै 'फ्रिज' हुनसक्नेतर्फ सचेत रहन आग्रह गराएकी थिइन् । संघीय सरकारले २५ करोड रूपैयाँ र बागमती प्रदेश सरकारले १० करोड रूपैयाँ रंगशाला निर्माणका लागि बजेट निकासा गरिसकेको छ । बजेट सुनिश्चित र निकासाका लागि निकै मिहेनत गर्नुपरेको भन्दै दाहालले लक्ष्यअनुसार काम गर्न आग्रह गरेकी थिइन् ।

महानगरले गौरवको आयोजनाका रूपमा प्राथमिकतामा राखेर रंगशाला निर्माण गरिरहेको छ । रंगशालाको प्यारापिट र भिआइपी टावर निर्माणको काम भइरहेको छ । रंगशालामा दुईवटा भिआइपी टावरको पहिलो तला ढलान गर्ने तयारी गरिएको छ । पश्चिमतर्फको प्यारापिटको सेन्टिङको काम भइरहेको छ ।

धुर्मुस-सुन्तली फाउन्डेसनले रंगशाला निर्माण गर्न नसकेपछि महानगरलाई स्वामित्व हस्तान्तरण गरेको थियो । महानगरले स्वामित्व लिएर संघीय, प्रदेश तथा महानगर आफैंलेसमेत लगानी गर्ने गरी २०८१ साउनबाट रंगशालाको काम सुरु गरिएको हो । यो काम ७८ करोड रूपैयाँमा ठेक्का लगाइएको हो ।

महानगरका इञ्जिनियर सन्तोष आचार्यका अनुसार क्रिकेट मैदानसहित पाँचवटा पिच, ढलसहित मैदान निर्माण, दुईवटा तीन/तीन तलाको भिआइपी टावर बनाइने छ । एउटामा भिआइपी र खेलाडी रहने छन् भने अर्कोमा मिडिया, अम्पायर र कर्पोरेट बक्सहरू हुने छन् । १० हजार अट्ने प्यारापिट बन्ने छ । ३० महिनाभित्र निर्माणको काम सम्पन्न गर्नुपर्ने सम्झौता छ । *रासस*

# राष्ट्रियस्तरको खुला शारीरिक सुगठन प्रतियोगिता हुने

**काठमाडौं (प्रस)–** प्रज्ञा स्मृति प्रतिष्ठानको आयोजनामा यही जेठ २४ गते 'प्रज्ञा स्मृति प्रथम महिला तथा पुरूष राष्ट्रिय खुला शारीरिक सुगठन प्रतियोगिता' हुने भएको छ । भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा हुने उक्त प्रतियोगितामा पुरुषतर्फ पाँचवटा वजन समूहबीच र महिलातर्फ खुला प्रतिस्पर्धा हुने प्रतिष्ठानकी निर्देशक गंगा दाहालले शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइन् ।




पुरूषतर्फ ६०, ६५, ७०, ७५ तथा ७५ केजी तौलभन्दा माथिका समूहबीच प्रतिस्पर्धा हुने छ । यस वर्ष प्रतिष्ठानले पहिलो संस्करणमा शारीरिक सुगठन खेलमा आबद्ध खेलाडी सबैलाई समेट्नेगरी राष्ट्रियस्तरको खुला शारीरिक सुगठन प्रतियोगिता गरेको हो । प्रतिष्ठानले विभिन्न समयमा भरतपुरमा तेस्रो संस्करणसम्मको साइकलिङ प्रतियोगिता सम्पन्न गरिसकेको छ । प्रतियोगितामा सबै जिल्ला, प्रदेश तथा विभिन्न क्लबका महिला पुरूष गरी १०० खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ । पुरूषतर्फ प्रत्येक तौल समूहमा पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाँचौं स्थानसम्मका लागि खेलाडीहरूले प्रतिस्पर्धा गर्ने छन् ।

महिलातर्फको खुल्ला तौल समूहमा प्रथम हुने खेलाडीलाई एक लाख रूपैयाँ तथा पदक, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ । द्वितीय, तृतीय, चौथो र पाँचौं हुने खेलाडीलाई क्रमशः ५० हजार, ३० हजार, २० हजार र १० हजार रूपैयाँसहित पदक र प्रमाणपत्र प्रदान गरिने छ । एक दिवसीय प्रतियोगितामा फाइनल खेलको प्रतिस्पर्धाबाट प्रत्येक पुरूष वजन समूह प्रथम द्वितीय, तृतीय, चौथो र पाँचौं हुने खेलाडीले क्रमशः ५० हजार, ४० हजार, ३० हजार, २० हजार र १० हजार रूपैयाँ पुरस्कार पाउने छन् ।



पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तस्थित हैदराबादको बाहिरी इलाकामा रहेको एउटा फार्ममा आँपलाई बक्समा प्याक गर्नुअघि छुट्याउँदै कामदार । *तस्बिर: एएफपी*

# स्टिल र आल्मुनियममा ५० प्रतिशत कर बढाउने ट्रम्पको संकेत

**वेस्ट मिफ्लिन, अमेरिका–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्टिल र आल्मुनियमको आयातमा आगामी हप्तादेखि ५० प्रतिशतसम्म कर वृद्धि गर्ने घोषणा गरेका छन् ।

पेन्सिलभेनियास्थित अमेरिकी स्टिल प्लान्टका कर्मचारी तथा श्रमिकलाई सम्बोधन गर्दै उनले भने, 'हामी यसलाई २५ प्रतिशतबाट ५० प्रतिशत बनाउन गइरहेका छौं ।' गत वर्षको चुनावमा विजय हासिल गर्न सहयोग पुऱ्याएको अमेरिकी राज्य पेन्सिलभेनियामा नीलो रङको पहिरनमा भेला भएका कार्यकर्तासामु उनले भने, 'कोही पनि यसको वरिपरि पुग्नेवाला छैन ।'

त्यसको केही समयपछि राष्ट्रपति ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलको पोस्टमा लेखेका छन्, 'बुधबार, जुन ४ देखि लागू हुनेगरी नयाँ करसहित एल्युमिनियममा पनि उच्चदर लागू हुने छ ।'

गत जनवरीमा राष्ट्रपतिका रूसमा पुन: ह्वाइट हाउसमा फर्केपछि ट्रम्पले विश्व व्यापार व्यवस्थालाई झकझक्याउने र वित्तीय बजारलाई तहसनहस पार्नेगरी आफ्ना सहयोगी र प्रतिद्वन्द्वीमाथि व्यापक कर लगाएका छन् । उनले सवारी साधन (अटोमोबाइल्स) जस्ता वस्तुहरूलाई असर गर्ने क्षेत्र-विशिष्ट करहरू पनि जारी गरेका छन् । शुक्रबार उनले आफ्नो व्यापार नीतिको बचाउ गर्दै करवृद्धिले अमेरिकी उद्योगको सुरक्षामा सहयोग गरेको तर्क गरेका थिए ।



उनले भने, 'मेरो पहिलो प्रशासनको समयमा स्टिल र आल्मुनियमजस्ता धातुहरूको आयातमा पनि कर नलगाएको भए यो क्षेत्र अस्तित्वमा हुने थिएन ।' शुक्रबार ट्रम्पले अमेरिकी स्टिल र जापानको निप्पोन स्टिलबीच योजनाबद्ध साझेदारीको चर्चा गरे पनि यसअघि द्विपक्षीय विरोधको सामना गर्नुपरेको सम्झौताका बारेमा केही नयाँ विवरण प्रस्तुत गरेका थिए । उनले अमेरिकी स्टिल निर्माता कम्पनी र निप्पोन स्टिलबीच हालै घोषणा गरिएको योजनाबद्ध साझेदारीको बावजुद अमेरिकी स्टिललाई अमेरिकाले नियन्त्रण गर्ने बताए । उनले कम्पनीले कुनै पनि कामका लागि बाहिरी जनशक्तिलाई प्रोत्साहन नगर्ने पनि बताए ।

शुक्रबार अबेर वासिङ्टन फर्केपछि राष्ट्रपति ट्रम्पले पत्रकारहरूसँग कुरा गर्दै आफूले सम्झौतालाई अनुमोदन गर्न बाँकी रहेको बताएका थिए । 'मैले निप्पोनसँगको अन्तिम सम्झौतालाई अनुमोदन गर्नुपर्ने छ तर त्यो अन्तिम सम्झौता अहिलेसम्म हात परेको छैन, तर उनीहरूले धेरै ठूलो प्रतिबद्धता जनाएका छन्,' उनले भने ।

गत साता ट्रम्पले अमेरिकी स्टिलको मुख्यालय पिट्सबर्गमा रहने र निप्पोनसँगको सम्झौताले कम्तीमा ७० हजार रोजगारी सिर्जना हुने र अमेरिकी अर्थतन्त्रमा १४ अर्ब डलर थपिने बताएका छन् । पेन्सिलभेनियामा ट्रम्पले भने, 'आफ्नो प्रतिबद्धताको एक भागको रूपमा, निप्पोनले 'मोन भ्याली वर्क्स-इरविन प्लान्ट'मा इस्पात उत्पादन बढाउन २.२ अर्ब डलर लगानी गर्ने छ । थप सात अर्ब डलर स्टिल मिलको आधुनिकीकरण, अयस्क खानी विस्तार र इण्डियाना र मिनेसोटालगायतका स्थानमा निर्माण सुविधाका लागि खर्च हुने छ ।'

निप्पोन स्टिललाई १४ अर्ब ९० करोड अमेरिकी डलरमा अमेरिकी स्टिल बिक्री गर्ने प्रस्तावको यसअघि दुवै पक्षबाट राजनीतिक विरोध भएको थियो । पूर्वराष्ट्रपति जो बाइडेनले पद छाड्नुभन्दा केही समयअघि राष्ट्रिय सुरक्षाको कारण देखाउँदै यो सम्झौता रोकेका थिए ।

नयाँ साझेदारीलाई लिएर चिन्ता कायमै छ । अमेरिकी स्टिल कारखानामा कार्यरत हजारौं प्रतिघण्टा कामदारको प्रतिनिधित्व गर्ने युनाइटेड स्टिलवर्कर्स युनियन (युएसडब्ल्यु) ले ट्रम्पको भाषणपछि निप्पोन स्टिल र ट्रम्प प्रशासनसँग सम्बन्धित छलफलमा भाग नलिएको र यस सम्बन्धमा 'आफूहरूसँग परामर्श नगरिएको' बताएको छ ।

युएसडब्ल्युका अन्तर्राष्ट्रिय अध्यक्ष डेभिड म्याककलले भने, 'हामी 'योजनाबद्ध साझेदारी'को अर्थबारे अनुमान लगाउन सक्दैनौं ।' म्याककलले भने, 'सम्झौताको संरचना जेसुकै होस्, हाम्रो प्राथमिक चासो युएस स्टिललाई विदेशी प्रतिस्पर्धीमा विलय गर्दा राष्ट्रिय सुरक्षा, हाम्रा सदस्य हरू र हामी बस्ने र काम गर्ने समुदायहरूमा पर्ने प्रभावसँग रहन्छ ।' निर्वाचन अभियानका क्रममा ट्रम्पले निप्पोन स्टिलको अधिग्रहण योजनाको विरोध गरेका थिए तर राष्ट्रपतिमा फर्किएपछि उनले आफू कुनै न कुनै प्रकारको लगानीका लागि खुला रहने संकेत गरेका थिए । *रासस⁄एएफपी*

# गाजामा स्वास्थ्य सामग्री लुटिएको घटनाप्रति राष्ट्रसंघद्वारा दु:ख व्यक्त

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले शुक्रबार गाजाको प्यालेस्टिनी क्षेत्रका गोदामहरूमा आक्रमण गरी ठूलो मात्रामा चिकित्सा सामग्री चोरी गरेको घटनाप्रति दु:ख व्यक्त गरेको छ ।

आक्रमणकारीको समूहले अस्पतालको गोदामहरूमा आक्रमण गरी ठूलो मात्रामा चिकित्सा उपकरण, आपूर्ति, औषधि र पोषणजन्य सामग्री नष्ट गरेको संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले बताएका छन् ।

चोरी गरिएको सहायता सामग्री युद्धग्रस्त गाजामा एक दिनअघि मात्रै आइपुगेको उनले बताएका छन् । गाजा अवस्था अझ बिग्रँदै जाँदा सार्वजनिक व्यवस्था र सुरक्षा व्यवस्था कमजोर हुनाले गाजामा लुटपाटका घटनाहरू बढेकोसमेत उनले बताएका छन् । उनले भने, 'यो सशस्त्र मानिसहरूद्वारा भएको एउटा आक्रमण थियो ।'

लामो नाकाबन्दीपछि इजरायलले प्यालेस्टिनी क्षेत्रमा सहयोगको अनुमति दिन थालेको छ । नाकाबन्दीले खाद्यान्न र औषधिको अभाव निम्त्याएपछि अहिलेसम्म उपलब्ध सहायता गाजाको आवश्यकताको 'समुद्रमा एक थोपा' मात्र भएको उनले बताएका छन् ।

संयुक्त राष्ट्रसंघको मानवीय निकायले शुक्रबार सतप्रतिशत जनसंख्या अनिकालको



जोखिममा रहेको चेतावनी दिएको थियो । गाजाको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार यस क्षेत्रमा इजरायली आक्रमणमा परी अहिलेसम्म ५४ हजार ३२१ जनाको ज्यान गएको छ । युद्धले गाजालाई ध्वस्त पारेको छ र मारिनेमा अधिकांश महिला बालबालिकासहित सर्वसाधारण रहेका छन् ।

यसले क्षेत्रको ठूलो भाग भग्नावशेषमा परिणत गरेको छ, अस्पताल, विद्यालय, आवासीय क्षेत्र र सडक र जलमार्गको आधारभूत पूर्वाधार नष्ट गरेको छ । एएफपीका अनुसार सन् २०२३ अक्टोबर-७ मा हमासले गरेको आक्रमणको प्रतिक्रियामा इजरायलले आफ्नो आक्रमण सुरु गरेको थियो ।

डुजारिकले बिहीबार, राष्ट्रसंघ र मानवीय साझेदारहरूले केरेम शालोमको सीमाबाट पाँचवटा देइर अल-बलाह अभियान अस्पतालका लागि चिकित्सा सामग्री बोकेका ट्रकहरू पठाएको र अन्य ६० वटा ट्रकहरू सीमाबाट फर्कनुपरेको बताएका छन् । *रासस⁄एएफपी*

# रुससँग सीमा जोडिएका युक्रेनका ११ गाउँ खाली गर्न आदेश

**किएभ, युक्रेन–** रुससँग सीमा जोडिएको युक्रेनको सुमी क्षेत्रका अधिकारीहरूले बमबारीका कारण ११ वटा गाउँलाई अनिवार्यरूपमा खाली गर्न शनिबार आदेश दिएका छन् । सुमीको प्रशासनले भनेको छ, 'सीमावर्ती समुदायमा बमबारीका कारण नागरिकको जीवनमाथि निरन्तर खतरालाई ध्यानमा राख्दै यो निर्णय गरिएको हो ।'

रुसको रक्षा मन्त्रालयले युक्रेनी भाषामा भोडोलाही भनिने अर्को सुमी गाउँ भोडोलागीलाई पनि आफ्नो सेनाले नियन्त्रणमा लिएको जनाएको छ । हालैका हप्ताहरूमा रुसले उत्तर पूर्वी क्षेत्रका धेरै गाउँहरू कब्जामा लिएको दाबी गरेको छ र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसै हप्ता मस्कोले सम्भावित आक्रमणको संकेतस्वरूप नजिकै ५० हजारभन्दा बढी सैनिकहरू जम्मा गरिरहेको बताएका थिए ।

युक्रेनको सीमा सुरक्षा सेवाका प्रवक्ता एण्ड्री डेमचेन्कोले बिहीबार रुसले सुमीमाथि 'आक्रमण' गर्न तयार रहेको बताएका थिए । गत वर्ष कुर्स्क क्षेत्रमा रुसी सीमामा प्रवेश गरेका युक्रेनी सैनिकसँग मस्कोको सेनाले लडेपछि रुसी सेनाको संख्या बढ्न थालेको उनले बताए ।

रुसले हालै कुर्स्कको लगभग सम्पूर्ण भूभाग आफ्नो नियन्त्रणमा लिएको छ । सन् २०२२ को फेब्रुअरीमा चौतर्फी आक्रमण सुरु गरेको रुसले युक्रेनको करिब २० प्रतिशत भूभाग आफ्नो नियन्त्रणमा राखेको छ । जारी द्वन्द्वका कारण दुवै पक्षका दशौं हजार सैनिक र सर्वसाधारणको मृत्यु भएको छ ।



वासिङ्टनले युद्धविरामका लागि कूटनीतिक प्रयासको नेतृत्व गर्दै आएको छ, तर किएभ र मस्कोले एकअर्कालाई शान्ति नचाहेको आरोप लगाउँदै आएका छन् । मे १६ मा भएको वार्तापछि क्रेमलिनले सोमबार इस्तानबुलमा थप वार्ताको प्रस्ताव गरेको छ ।

किएभले इस्तानबुलको बैठकमा सहभागी हुने वा नहुनेबारे अहिलेसम्म केही बताएको छैन र उसले मस्कोलाई तत्काल आक्रमण रोकी युद्धविराम गर्न माग गरिरहेको छ । *रासस⁄एएफपी*


**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय, सप्तरी
## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना
**(सूचना प्रकाशित मिति: २०८२/०२/१८)**

यस कार्यालयबाट IFB No. : 05/081 /82/IDO/Saptari, मिति २०८१/१०/१४ (27th January, 2025) को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र IFB No.: 11/081/82/IDO/Saptari, मिति २०८१/१२/०८ (21th March, 2025) को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा तेस्रो पटक प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको ITB29, ITB30 र ITB32 अनुसार मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक बोलपत्र सारभस्त रूपमा प्रभावग्राही तथा प्राविधिक रूपमा योग्य रहेको हुँदा ITB25.9 तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहितको) को नियम ३१ को उपनियम (५) बमोजिम आर्थिक प्रस्ताव मिति २०८२/०२/२५ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | बोलपत्र नं. | योजनाको नाम र विवरण | वोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | IDO/Saptari/ Works/NCB/ 21-081/82 | Saptari, Chinnamasta Kupahi Lokharam Road Construction | 1. M/s Mahato Construction & Engineering Consultancy, Janakpur-8 Dhanusa<br>2. M/s Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu |
| 2. | IDO/Saptari/ Works/NCB/ 25-081/82 | Construction of Road Singyon - Khando River (Hulaki) | 1. M/s Lama - Shree Baba Dharamraj JV, Tilathi koladi, Saptari.<br>2. M/s D & S-KB Joint Venture, Kathmandu. |
| 3. | IDO/Saptari/ Works/NCB/ 27-081/82 | Gauda-Saraswor-Madhuvan-Balanpatti-Balanbihul Ga.Pa. Office-Gauda-Balanapatti | 1. M/s Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu<br>2. M/s SARAS-SAGARMATHA JV, Triyuga-11, Udaypur |

**नि.कार्यालय प्रमुख**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर


पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८८५०० | प्रति तोला - ० | प्रति तोला - १९९० |



**नागबेली सडक** | पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडक विस्तार आयोजना (पूर्वी खण्ड) अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२, कमलबारी र घाँसीकुवामा चार लेनमा विस्तार भएपछिको देखिएको नागबेली सडक । *तस्बिरः सागर गिरी/रासस*

# होटल संघ बजेटबाट उत्साहित, नाट्टा असन्तुष्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटप्रति होटल व्यवसायीहरूको छाता संगठन उत्साहित भएको छ । सरकारले बजेटमार्फत होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योगसरह आयकर र विद्युत् महशुल छुट दिने घोषणाको होटल संघ नेपालले स्वागत गरेको हो । संघद्वारा जारी विज्ञप्तिमा दशकौंदेखिको यो माग पूरा भएकोमा सरकारलाई धन्यवाद ज्ञापन गर्दै यो घोषणाबाट होटल उद्योगले पुर्‍याएको योगदानको कदर भएको जनाएको छ ।

काठमाडौं, पोखरा, भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थलको सेवा र सञ्जालको द्रुत विस्तार गर्दै पर्यटकीय गन्तव्य जोड्ने स्तरोन्नति भइरहेका राष्ट्रिय राजमार्गको समयाबद्ध निर्माण, नेपाल एयरलाइन्सको सुधार, नेपाललाई हवाई उडान सुरक्षा सूचीबाट बाहिर ल्याउने घोषणा महत्त्वपूर्ण रहेको जनाइएको छ ।

पर्यटन क्षेत्रबाट देशले पाउने व्यापक आर्थिक लाभ बढाउन बजेटले पर्यटकको बसाइँ लम्बाउन र उनीहरूको खर्च बढाउन उच्च हिमाली, पहाडी, तराईका साथै प्रदेशका थप पर्यटकीय गन्तव्यको विकास र पर्यटकहरूले गर्ने साहसिक, धार्मिक, सांस्कृतिक, चलचित्र, आरोग्य, खेललगायतका पर्यटकीय गतिविधिहरू बढाउन लिइएको पहल सकारात्मक रहेको होटल संघले जनाएको छ ।

सीमा क्षेत्रको पर्यटन गतिविधि 'क्रस बोर्डर टुरिजम' बढाउन सीमा नाकाहरूमा स्वागत तथा सेवा केन्द्र, स्वयम्भूनाथ, हनुमानढोका, पशुपतिनाथ र बौद्धनाथजस्ता युनेस्को सूचीकृत सम्पदाहरूमा सन्ध्याकालीन सम्पदामार्ग विकास गर्ने, देशैभरिका पर्यटकीय आकर्षण रहेका स्थलहरूमा सुरक्षित पर्या-पर्यटन पदमार्ग विकास गर्ने बजेटको सकारात्मक पक्ष रहेको संघको भनाइ छ र हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा ल्याउन पाउने व्यवस्थाबाट पर्यटकलाई सुविधा तथा खर्च गर्ने क्षमता बढाउने जनाउँदै संघले भृकुटीमण्डपलाई अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र बनाउने घोषणाको स्वागत गरेको छ ।

बजेटले आर्थिक कूटनीतिमार्फत पर्यटन विकासमा निजी क्षेत्र तथा गैरआवासीय नेपालीसमेतको सहकार्यमा गर्ने, आधुनिक प्रविधि उपयोग गरेर पर्यटन गतिविधि सञ्चालन गर्ने बजेटको सबल पक्ष रहेको संघले जनाएको छ । दुई प्रतिशत विलासिता कर र १३ प्रतिशत हवाई भाडामा लगाइएको मूल्य अभिवृद्धिकर नहटेको परिप्रेक्ष्यमा स्वदेशी पर्यटकीय सेवा महँगो भई कम प्रतिस्पर्धी भएको अवस्थामा घोषित पर्यटकीय विकासका कार्यहरू प्रभावकारी कार्यान्वयन गरी सेवाको स्तरीयता र प्रतिस्पर्धी बनाउनु आवश्यक रहेको पनि संघले जनाएको छ ।

बजेटबाट विद्यमान पर्यटन पूर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार र प्रभावकारी बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र भरपर्दो पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ गर्ने लक्ष्य प्राप्तिमा निजी क्षेत्रको अग्रणी भूमिका र योगदान खोजिएको सराहना गर्दै थप पर्यटनको विकासमा आवश्यक लगानी र खासगरी भारत र चीन केन्द्रित अन्तर्राष्ट्रिय प्रवर्द्धनमा पनि निजी क्षेत्रलाई अग्रणी भूमिका प्रदान गरिएबाट निजी क्षेत्र प्रोत्साहित हुने संघले विज्ञप्तिमार्फत जनाएको हो ।

### हवाई भाडादरमा लाग्ने भ्याट नहटाएकामा नाट्टाको असन्तुष्टि

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले आगामी आर्थिक वर्षको बजेटले हवाई भाडादरमा लाग्ने भ्याट नहटाएको भन्दै असन्तुष्टि व्यक्त गरेको छ । नाट्टाकी महासचिव युविका भण्डारीले शनिबार विज्ञप्ति जारी गरी सरकारद्वारा सार्वजनिक गरिएको आव २०८२/८३ को वार्षिक बजेटप्रति गम्भीर ध्यानाकर्षण भएको बताइन् ।

'दुई वर्षदेखि निरन्तररूपमा सरकारसमक्ष उठाइएका विविध विषयमध्ये विशेषतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई भाडादरमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट)सम्बन्धी जटिल र प्रतिकूल व्यवस्थालाई निरन्तर बेवास्ता गर्दै आइएको अवस्थामा, यस वर्ष पनि सो कर कायम राखिएकामा पर्यटनसम्बद्ध सरोकार भएका सबैलाई स्तब्ध बनाएको छ,' विज्ञप्तिमा भनिएको छ ।

प्रस्तुत बजेटले पर्यटन क्षेत्रका विभिन्न पक्षमा सकारात्मक नीति र व्यवस्था ल्याएको देखिएको बताउँदै महासचिव भण्डारीले नेपाल प्रवेशको सुरुआती चरणमा पर्ने हवाई सेवामा प्रत्यक्ष असर गर्ने भाडादरमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) सम्बन्धी प्रबन्धले पर्यटकको आवागमनमा निरुत्साहित गरेको धारणा राखिन् ।

'पर्यटकको सम्पूर्ण भ्रमण खर्चको तीन चौथाइभन्दा बढी हवाई यात्रामा खर्च हुने अवस्था सिर्जना भएको छ । पर्यटकको यथेष्ट आवागमनविना बजेटमा पर्यटन प्रवर्द्धनसम्बन्धी उल्लेख गरिएका सकारात्मक पक्ष ओझेलमा पर्नसक्ने र तिनको कार्यान्वयनमा प्रत्यक्ष अवरोध आउने सम्भावना रहन्छ । जसले गर्दा ती व्यवस्था केवल घोषणामा सीमित रहने सम्भावना प्रबल देखिन्छ,' महासचिव भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नाट्टाले अर्थमन्त्री, पर्यटनमन्त्री, सांसद तथा विभिन्न राजनीतिक दलका नेताले सार्वजनिक मञ्चमा हवाई भाडामा लाग्ने भ्याट अत्यन्त अनुचित रहेको, यसले अन्तर्राष्ट्रिय मूल्य मान्यतासँग मेल नखाने, पर्यटन प्रवर्द्धनमा प्रतिकूल असर पार्ने र भौगोलिकरूपमा विकट क्षेत्रमा रहेका नेपालीको हवाई पहुँचमा बाधा पुर्‍याउने भन्दै भ्याट खारेजीका पक्षमा धारणा राख्दै आए पनि कार्यान्वयन नभएको भन्दै असन्तुष्टि व्यक्त गरेको हो ।


हवाई भाडामा लगाइएको भ्याट खारेजीको प्रक्रिया नथाल्नुले सरकार पर्यटन उद्योगप्रति उदार र गम्भीर नदेखिएको नाट्टाले जनाएको छ । नाट्टाले आव २०८०/८१ देखि निरन्तर रूपमा हवाई भाडादरमा लागू भ्याट हटाउनका लागि पहल लिँदै आएको छ ।

HOTEL ASSOCIATION OF NEPAL (HAN)
NEPAL ASSOCIATION OF TOUR & TRAVEL AGENTS

बजेट वार्ता

# 'लोकप्रियताभन्दा अर्थतन्त्रलाई चलायमान बनाउन बजेट केन्द्रित छ'

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट संसद्मा प्रस्तुत गरिसकेको छ । मुलुकको समग्र आर्थिक अवस्थामा सुधार र अपेक्षित विकासको गति हासिल गर्न विभिन्न सुधारका योजनासहित सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउने अपेक्षा गरिएको थियो । तर प्रतिकूल अवस्थामा पनि औसत र यथास्थितिवादी बजेट आउँदा त्यसले अर्थतन्त्र सुधारमा कति भूमिका खेल्न सक्छ ? भन्नेबारे प्रश्न उब्जिएका छन् । यसै सन्दर्भमा योजना छनोट, विनियोजन, कार्यान्वयन र नतिजा प्राप्तिलगायतका बजेट चक्रमा सरकारले कसरी काम गरिरहेको छ भन्नेबारे उपप्रधान तथा **अर्थमन्त्री विष्णुप्रसाद पौडेल**सँग *रासस*का समाचारदाता **हेमन्त जोशी**ले गरेको कुराकानीः



**विष्णुप्रसाद पौडेल**
उपप्रधान तथा अर्थमन्त्री

**आगामी आर्थिक वर्षको बजेटले समातेको लय, यसको केन्द्र तथा प्राथमिकतामा र भएका सुधारका पक्ष के हुन् ?**

स्रोत र खर्च व्यवस्थापनका दृष्टिले यथार्थपरक र अनुशासित बजेट आएको छ । खर्च व्यवस्थापनमा हामीले स्रोतको अधिक सदुपयोग हुने कुरालाई जोड दिएका छौं । आन्तरिक राजस्व र आन्तरिक तथा बाह्य ऋण परिचालनका सवालमा पनि यथार्थपरक हुन खोजिएको छ । पुँजीगत खर्चको विनियोजन बढाइएको छ, निरन्तर बढ्दो चालु खर्चलाई निश्चित सीमाभित्र राख्न खोजिएको छ, र वित्तीय हस्तान्तरणबाट प्रदेश र स्थानीय तहमा जाने बजेट वृद्धि गरिएको छ ।

यो बजेटले अर्थतन्त्रलाई चलायमान बनाउने सिलसिलामा मुख्यगरी दुई-तीनवटा कुरालाई जोड दिएको छ । लगानी वृद्धिका निम्ति अनुकूल नीतिगत सुधारको बाटो तय गरेको छ । स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिएको छ । उत्पादन वृद्धि र रोजगारी सिर्जनाका निम्ति पनि अनुकूल आधार तयार पारेको छ भन्ने मेरो विश्वास छ । थाती रहेका कयौं समस्यालाई समाधान गर्ने दृष्टिकोण पनि बजेटले लिएको छ ।

**अहिले औसत खालको मात्रै बजेट आयो भनेर टिप्पणी भइरहँदा तपाईंले हस्तक्षेप गर्न नखोजेको कि नसकेको ?**

सुधारका नाममा अन्धाधुन्ध हस्तक्षेप गर्ने कुरा भएन । आवश्यक ठाउँमा सही नीति निर्धारण गर्ने र सही नीति लिनका निम्ति बजेटले लिनपर्ने पहलकदमी लिएकै छ । विभिन्न नीतिगत सुधार भएका छन् । वैकल्पिक विकास वित्तको उपयोग नीति लिइएको छ । आयोजना व्यवस्थापन र खरिद प्रक्रियामा सुधार थालिएको छ । अर्को आर्थिक वर्ष कुर्ने नभई जेठ १६ गतेबाटै हामीले खरिद प्रक्रिया थाल्नसक्ने व्यवस्था गरेका छौं । मितव्ययिता र खर्च कटौतीको नीतिले चालु खर्च सन्तुलनमा राख्ने अपेक्षा हामीले गरेका छौं । सामाजिक सुरक्षा खर्च र स्वास्थ्य बिमालाई थप व्यवस्थित गरिएको छ ।

करका विषयमा बाहिरको बुझाइ के थियो भन्ने कुरा मैले भन्न सक्दिन । कस्तो राजस्व नीति लिने भनेर धेरै थरिका सुझाव आएका थिए र सबैका सुझाव सुनेका पनि थियौं । तर करका सन्दर्भमा अहिले जे निर्णय गरिएको छ, त्यसले राज्यप्रतिको करदाताको विश्वास बढाएको छ भन्ने मलाई लाग्छ ।

**यसपटकको बजेटमा तपाईंलाई कस्ता राजनीतिक दबाब आए ? तपाईंको बजेट राजनीतिक पूर्वाग्रही वा अनुशासित ?**

बजेटमाथि जेजस्ता प्रतिक्रिया आएका छन्, ती सबै स्वागतयोग्य छन् । बजेट बनाउँदा राजनीतिक दबाब र सजिलो वा अप्ठ्यारोभन्दा पनि यथार्थपरक र अनुशासित भएर बजेट बनाउने कुरामा मेरो ध्यान केन्द्रित थियो । म त्यही हिसाबले अगाडि बढेँ । बजेट निर्माण दबाबको कुरा होइन, औचित्यमा आधारित भएर गरिने कुरा हो । मैले कुनै पनि खालको दबाब महसुस गरिनँ । कतैबाट पनि दबाब थिएन र त्यसको अनुभव गर्न परेन । यद्यपि, बजेटलाई निरपेक्षरूपले राजनीतिबाट अलग गर्न मिल्दैन । किनभने बजेटले मुलुकको संविधानलाई पछ्याउनुपर्छ । सरकारको नीति तथा कार्यक्रमलाई पछ्याउनुपर्छ । त्यसैअनुरूप बजेट आएको छ । त्यसकारण यसलाई राजनीतिबाट अलग भएर पूर्णरूपमा प्राविधिक ढंगले आएको भन्न मिल्दैन । तर बजेटका आधारभूत मान्यताको सीमाभित्र रहेर यो बजेट आएको छ ।

**आगामी आर्थिक वर्षको बजेटबाट निजी क्षेत्र त उत्साहित भयो तर सर्वसाधारण नागरिक केन्द्रमा परेनन् भन्ने गुनासो आयो नि ?**

लोकरिझ्याइँभन्दा पनि अहिले हामी राष्ट्रका आवश्यकतालाई प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा थियौं, चाहे आयोजनाको सन्दर्भमा होस् वा कार्यक्रमको सन्दर्भमा होस् । त्यही अवस्थालाई ख्याल गरेर बजेट आएको छ । हामी सस्तो लोकप्रियताभन्दा पनि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, अर्थतन्त्रलाई चलायमान बनाउने, आर्थिक वृद्धिदर बढाउने र दिगो बनाउने कुराबाट बढी निर्देशित थियौं । आर्थिक गतिविधि विस्तार हुने, निजी क्षेत्रको लगानी वृद्धि हुने, रोजगारीका अवसर वृद्धि हुने र पूर्वाधारका आयोजना निर्धारित समयमै सम्पन्न हुने कुराको प्रत्याभूति बजेटले गरेको छ । यसबाट लक्षित आर्थिक वृद्धि हासिल हुनेमा पनि म आशावादी छु ।

**बजेटमा परेका आयोजनाको प्राथमिकीकरण र छनोट अन्य वर्षभन्दा यसपटक कसरी फरक छ ?**

संघीय सरकारले प्रस्तुत गर्ने र संघीय संसद्ले पारित गर्ने योजना तथा कार्यक्रम ल्याइनुपर्छ भन्ने कुरा हरदम हेक्का राखेर काम गर्‍यौं । संघीय महत्त्वका दायित्वलाई केन्द्रमा राखेर बजेट निर्माण भयो । त्यसले गर्दा कतिपय प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम संघीय सरकारको बजेटको दायराभित्र पर्दैनन् भन्ने कुरामा पनि हामी सचेत थियौं । बजेटमा तीन करोड रूपैयाँभन्दा कम लागतका संघीय आयोजना नराख्ने भनिएको छ । संघ सरकारले मात्र होइन प्रदेश र स्थानीय तहले पनि सन्तुलित बजेट ल्याउनुपर्छ भनेर हामीले यो बजेटमा केही व्यवस्था राखेर स्पष्ट सन्देश दिएका छौं ।

चालु आर्थिक वर्षभित्रै ठेक्का लगाउन सकिने आयोजनालाई हामीले तत्काल अघि बढाउने भनेका छौं । बजेट निर्माण गर्ने अनि कार्यान्वयनको तयारी सुस्त भएर हुँदैन । बजेट कार्यान्वयनका निम्ति आजैदेखि लाग्नुपर्छ भन्ने मेरो आफ्नो बुझाइ हो । हामीले काम पनि त्यसरी नै गरिरहेका छौं । हामी सुधारतर्फ फर्किएका छौं । कतिपय काम बाँकी होलान्, तिनलाई आगामी वर्षमा हामी गर्दै जानेछौं ।

- स्रोत र खर्च व्यवस्थापनका दृष्टिले यथार्थपरक र अनुशासित बजेट आएको छ ।
- आयोजना व्यवस्थापन र खरिद प्रक्रियामा सुधार थालिएको छ । अर्को आर्थिक वर्ष कुर्ने नभई जेठ १६ गतेबाटै हामीले खरिद प्रक्रिया थाल्नसक्ने व्यवस्था गरेका छौं ।
- लोकरिझ्याइँभन्दा पनि अहिले हामी राष्ट्रका आवश्यकतालाई प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा थियौं, चाहे आयोजनाको सन्दर्भमा होस् वा कार्यक्रमको सन्दर्भमा होस् । त्यही अवस्थालाई ख्याल गरेर बजेट आएको छ ।
- हामी सुधारतर्फ फर्किएका छौं । कतिपय काम बाँकी होलान्, तिनलाई आगामी वर्षमा हामी गर्दै जानेछौं ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ